# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २४४ काठमाडौं बुधबार, १८ पुस २०८० Prabhab National Daily Wednesday, January 3, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


राष्ट्रिय सभा निर्वाचन

# दोधारमा कांग्रेस

## एमालेसँग मिलेर पहिलो दल बन्ने कि माओवादीसँग मिलेर दोस्रो ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सभा निर्वाचनका लागि सत्तारुढ दल भागबण्डाको अन्तिम चरणमा पुगेका छन्। माघ ११ गतेलाई तोकिएको निर्वाचनका लागि निर्वाचन आयोगले पुस २३ गतेभित्र उम्मेदवारी दर्ता गर्न समय तोकेको छ।

छ वर्ष अवधिका लागि निर्वाचित २० जना राष्ट्रिय सभा सदस्यहरू यही फागुन २० गतेबाट बिदाइ हुँदै छन्। यही रिक्त पदका लागि निर्वाचन हुन लागेको हो। २० मध्ये १९ पदमा निर्वाचन हुँदै छ भने एक मनोनीत।

### अध्यक्षसहित भागबण्डा

सत्तारुढ दलमा रहेका सबै दलले राष्ट्रिय सभा निर्वाचनका लागि दल दर्ता गरिसकेका छन्। सत्तारुढ दल मिल्दा यसपटक प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई एक सिट जित्न पनि मुश्किल हुने देखिन्छ। एमालेका नौ सदस्य यसपटक राष्ट्रिय सभाबाट बिदा हुँदै छन्। यसैगरी कांग्रेसका चार, माओवादी केन्द्रका तीन, एकीकृत समाजवादीका तीन, जनता समाजवादी पार्टीका एक सदस्य राष्ट्रिय सभाबाट बिदा हुँदै छन्।

सत्तारुढ दलले पुरानो सिट कायमै राखेर एमालेको नौ सिटमा भागबण्डा गर्ने जनाएको छ। यो भागबण्डा पनि स्थानीय मतभारको आधारमा न्यायोचित किसिमले हुने कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले बताए। राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको कार्यकाल सकिएसँगै अध्यक्ष पद पनि रिक्त हुँदै छ। अध्यक्ष पद कांग्रेसले पाउनेगरी भागबण्डा सहमति नजिक पुगिसकेको कांग्रेस नेताहरू बताउँछन्।

नेताहरूका अनुसार एमालेले लगभग गुमाउने भएको नौ




सिटबाट कांग्रेसले पाँच सिट, माओवादीले तीन, जनमतलाई एक सिट दिने गरी सहमतिको खाका तय भएको छ। यसैगरी एकीकृत समाजवादीबाट निर्वाचन जितेका खिमलाल देवकोटाको सिटमा नागरिक उन्मुक्तिलाई एक सिट मिलाउने बताइएको छ।

राष्ट्रिय सभा निर्वाचनका लागि नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टी गरी १२ दल दर्ता छन्।

### कहाँ कुन पार्टीबाट हुँदै छ खाली ?

एमालेका नौ जनामा बागमतीबाट दिलकुमारी रावल थापा (पार्वती), रामचन्द्र राई, खिमलाल भट्टराई, गण्डकीबाट गणेशप्रसाद तिमिल्सिना र दीपा गुरुङ, कर्णालीबाट नरपति लुवार र भैरवसुन्दर श्रेष्ठ, सुदूरपश्चिमबाट इन्दु कडरिया र मनोनीत विमला राई पौडयाल बिदा हुँदै छन्।

कांग्रेसका चार जनामा कोशीबाट रमेशजंग रायमाझी, मधेसबाट जितेन्द्रनारायण देव, गण्डकीबाट प्रकाश पन्थ र लुम्बिनीबाट अनिता देवकोटा फागुन २० गते बिदा हुँदैछन्।

माओवादी केन्द्रका तीन जनामा कोशीबाट बिना पोखरेल, सुदूरपश्चिम माओवादी महेशकुमार महरा र हरिराम चौधरी बिदा हुँदैछन्। यता मधेसबाट जसपाकी प्रमिला कुमारी एकीकृत समाजवादीका तीन जनामा बागमतीबाट सिंगबहादुर विश्वकर्मा, कर्णालीबाट नन्दा चपाई र बागमतीकै स्वतन्त्र खिमलाल देवकोटा बिदा हुँदै छन्।

### कांग्रेसलाई एमालेको आकर्षक प्रस्ताव

नेकपा हुँदाताका सुरुमा ३० सिटसहित पहिलो पार्टी थियो राष्ट्रिय सभामा।

(क्रमशः पृष्ठ २ मा)

# रुसी सेनामा कार्यरत थप तीन नेपालीको मृत्यु

## मृत्यु हुनेको संख्या १० पुग्यो

- हरिप्रसाद अर्याल, भरतबहादुर शाह, राजकुमार गिरी, प्रितम कार्की, गंगाराज मोक्तान, राजकुमार कार्की, रूपक कार्की, देवान राई, सन्दीप थपलिया र कुन्दनसिंह नागल मारिए
- १०० जना सम्पर्कविहीन : परराष्ट्रमन्त्री साउद
- युक्रेनी सेनाको हिरासतमा चार जना
- रूस–युक्रेनको सेनामा भर्ती हुन नजान सरकारको आग्रह
- युवाहरु भने भिजिट भिसामा दुबई गएर रूस–युक्रेनको सेनामा भर्ती हुन जाँदै

### ‘बिन्ती छ, रूस नआइदिनुहोला’



नोभेम्बर ५ तारिखमा साइन गरेर युद्धमा होमिएको थिएँ। त्यसै क्रममा म पक्राउ परेर हाल युक्रेनी सेनाको हिरासतमा छु। मेरो मेसेज सम्पूर्ण नेपाली दाजुभाइहरूलाई छ कि, रसिया आउँदै हुनुहुन्छ वा आउनुभएको छ भने तपाईंले पुनः विचार गर्नुपर्ने हुन्छ। यो एकदमै खतरनाक छ। एकदमै सोचेभन्दा भिन्न छ। हामीले सोचेको जस्तो सामान्य खालको लडाइँ छैन। हामी गोर्खे भन्ने सोच राखेर कदापि नआउनुहोला। एकदमै गाह्रो छ। निकै भयानक छ। सबैलाई बिन्ती गर्छु नेपाली दाजुभाइहरू, तपाईंहरू नआइदिनुहोला।

■ **विकास राई**
लेटाङ–३, मोरङ

### ‘नेपालीहरूलाई अति नै गाह्रो छ’



रसियामा आएको दुई महिना पूरा भयो। रसिया आएर मैले धेरै दुःख पाएँ। मैले पैसाका लागि रसियन फौजमा जोइन गरेँ। तर, नेपालीहरूलाई अति नै गाह्रो छ। सुरुमा त भाषाको समस्या हुन्छ। त्यसपछि कमाण्डरहरूले पनि हामीलाई राम्रो व्यवहार गर्दैन। सुरुसुरुमा त नेपाली हो, राम्रो भनेर राम्रो गर्न खोज्छन् तर अन्तिममा हाम्रो लागि राम्रो गर्दैनन्। पछि धेरै हेप्न थाल्छन्। जोजो नेपालमा हुनुहुन्छ र रसियामा आउन खोज्दै हुनुहुन्छ, कोही पनि रसियामा नआउनुहोस्।

■ **सिद्धार्थ ढकाल**
मण्डनदेउपुर–६, काभ्रे

■ जेबी योञ्जन

**काठमाडौं–** रुसी सेनामा कार्यरत थप तीन जना नेपाली मारिएका छन्। परराष्ट्र मन्त्रालयले मंगलबार थप तीन जना मारिएको पुष्टि गरेको हो। यससँगै त्यहाँ मारिने नेपालीको संख्या १० पुगेको छ। पछिल्लोपटक मारिनेहरूमा स्याङ्जाका हरिप्रसाद अर्याल, कैलालीका भरतबहादुर शाह र धादिङका राजकुमार गिरी छन्। उनीहरू जारी रुस–युक्रेन युद्धमा मारिएका हुन्।

यही पुस ४ गतेसम्म मृत्यु हुने नेपालीको संख्या सात पुगेको थियो। स्याङ्जाको पुतलीबजार–५ का प्रितम कार्की, इलाम–५ का गंगाराज मोक्तान, दोलखाको मेलुङ गाउँपालिका–६ का राजकुमार कार्की, कपिलवस्तुको वाणगंगा–१ का रूपक कार्की, कास्कीका देवान राई, गोरखाका सन्दीप थपलिया र कुन्दनसिंह नागल मारिएका थिए।

परराष्ट्र मन्त्रालयले गत १८ मंसिर र त्यसअघि १६ साउनमा सूचना जारी गर्दै रुसी र युक्रेनी सेनामा भर्ती नहुन नेपाली युवायुवतीलाई आग्रह गरेको थियो। त्यहाँ भनिएको थियो, ‘केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामाबाहेक अन्य विदेशी सेनामा नेपाली नागरिकहरू भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको यस मन्त्रालयबाट पुनः स्पष्ट गरिन्छ।’

मन्त्रालयले सचेत गराउँदागराउँदै पनि रुसी र युक्रेनी सेनामा नेपाली युवायुवतीको भर्ती नरोकिएको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल स्वयं चिन्तित छन्। उनले तीन साताअघि पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गर्दै २०० भन्दा बढी नेपाली युवायुवती रुसी सेनामा भर्ती भएको बताएका थिए। उनीहरू भिजिट भिसा, अध्ययन भिसालगायतमार्फत दुबई हुँदै रुस पुगेको जानकारी आएको प्रधानमन्त्रीको भनाइ थियो। उनीहरूको खोजीमा सरकार रहेको बताए थिए।

‘रुस पुगेका नेपालीहरूको खोजी कार्य भइरहेको छ। कति छन् भन्ने भन्न सकिएन तर दुई बढी त्यहाँ (रुस) पुगेको जानकारी आएको छ,’ प्रधानमन्त्री दाहालले भनेका थिए। उनका अनुसार रुसी सेनामा गएका नेपालीहरू कोही युक्रेनको कब्जामा रहेको र केही युक्रेनी सेनामा पनि रहेको खुलेको बताएका थिए।

पुस ४ गते परराष्ट्र मन्त्रालयले बर्दियाका राजापुर–१ का विवेक खत्री, काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका–६ का सिद्धार्थ ढकाल, मोरङको लेटाङ नगरपालिका–२ का विकास राई र रोल्पाको रुन्तिगढी –८ का प्रतीक पुन भने बन्दीमा रहेको जनाएको थियो। उनीहरू युक्रेनी सेनाबाट बन्दीमा परेका हुन्।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

श्रमसचिव–कोरियाली राजदूत भेटवार्ता

# इपिएसको पछिल्लो विवाद टुंग्याउन प्राविधिक समिति गठन गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपिएस) भाषा परीक्षाबारे पछिल्लो घटनाक्रमलाई सुल्झाउन संयुक्त प्राविधिक समिति गठन गर्ने भएको छ। मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी र नेपालका लागि कोरियाली राजदूत पार्क टी योङबीच भएको भेटमा नेपालको अवस्था संवेदनशील बन्दै गएको भन्दै समस्या समाधानका लागि प्राविधिक समिति गठन गर्न छलफल भएको श्रम मन्त्रालयले जनाएको छ।

कोरियाले नेपाललाई प्राथमिकतामा राख्दाराख्दै पनि संवेदनशील अवस्था सिर्जना भएकोमा राजदूत पार्कले चिन्ता व्यक्त गरेको मन्त्रालयका प्रवक्ता राजिव पोखरेलले बताए। उनका अनुसार स्रोत मुलुकमध्ये नेपाललाई बढी प्राथमिकतामा राखिएको बताउँदै नेपालबाट बढी श्रमिक लैजाने प्रयासका बाबजुद पनि आन्दोलन हुनुले राजदूत पार्कले उक्त विषयलाई छलफलबाटै टुंग्याउनुपर्ने बताएका छन्। अन्य स्रोत मुलुकभन्दा नेपाललाई बढी प्राथमिकता दिएकै कारण गत वर्ष २१



पार्क टी योङ



केवलप्रसाद भण्डारी

हजारभन्दा बढीलाई रोजगारीका लागि कोरियाले अवसर दिएको बताए।

हाल देखिएको समस्या समाधान हुने विश्वास व्यक्त गर्दै राजदूत पार्कले नेपाल–कोरिया सम्बन्धमा खलल आउन नदिन सचेत हुनुपर्ने उल्लेख गरेको प्रवक्ता पोखरेलले बताए। ‘अहिलेको विषम् परिस्थितिको आकलन गर्दै राजदूत पार्कले नेपाल–कोरिया प्राविधिक समितिमार्फत समस्या समाधान गर्न सहमति जनाएका छन्, केही दिनमा नै संयुक्त समिति गठन गरी आवश्यक गृहकार्य अघि बढ्ने छ,’ पोखरेलले भने।

त्यस्तै मन्त्रालयका सचिव भण्डारीले राजदूत पार्कसँग नेपालले रोजगारी गुमाउन नचाहेको भन्दै भाषा परीक्षामा देखिएको समस्या समाधानका लागि कोरियाले सहजीकरण गर्नुपर्नेमा जोड दिएको बताइएको छ। नेपालबाट कोरिया जान चाहने युवाको संख्या ठूलै भएकाले रोजगारका अन्य क्षेत्रमा पनि रोजगारी खुला गर्न सचिव भण्डारीले आग्रह गरेको प्रवक्ता पोखरेलले बताए।

‘शिप बिल्डिङ’को भाषा परीक्षामा असफल भएकाहरूले उत्पादन क्षेत्रको भाषा परीक्षामा आवेदन दिन पाउनुपर्ने माग राख्दै गत शुक्रवार भएको प्रदर्शनमा दुई युवाको ज्यान गएको थियो। त्यसपछि ‘शिप बिल्डिङ’ मा फारम भरेकाहरूले उत्पादन क्षेत्रमा पनि फारम भर्न पाउने निर्णय सरकारले गरेको छ। भाषा परीक्षाका लागि आवेदन दिए पनि उनीहरूको परीक्षा दिन पाउने वा नपाउने भन्ने विषयमा संयुक्त प्रविधिक समितिले नै टुंगो लगाउने मन्त्रालयले जनाएको छ।

### दुई दिन थपियो म्याद

यसैबीच इपिएस भाषा परीक्षाका लागि आवेदन दिने म्याद दुई दिन थपिएको छ। वैदेशिक रोजगार विभाग इपिएस कोरिया शाखाले मंगलबार एक सूचना जारी गर्दै आवेदन फाराम भर्ने म्याद पुस २० गतेसम्मका लागि थप गरेको जनाएको छ।

यसअघि आवेदन दिने मिति पुस १६ देखि १८ गतेसम्म तोकिएको थियो। विभागको महानिर्देशकको निर्णयअनुसार दुई दिन म्याद थप गरिएको शाखाले जनाएको छ। उच्चअदालतको आदेशपश्चात् शिप बिल्डिङमा परीक्षा दिएकाहरूलाई पनि उत्पादनमुलक क्षेत्रका लागि आवेदन दिन पाउने व्यवस्था गरेपछि वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै २ दिन थप गरिएको विभागका महनिर्देशक डण्डुराज घिमिरेले बताए।




# सहरमा जनसंख्या बढ्दै, ग्रामीण भेगमा घट्दै

**काठमाडौं (प्रस)**– राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ । सो अध्ययनमा कार्यालयले सहरी, सहरोन्मुख र ग्रामीण क्षेत्रमा भइरहेको बसोबासको तथ्यांक विश्लेषण गरेको छ । यस विधिअनुसार जनसंख्या, जनघनत्व, बसोबास क्षेत्र र सहरी क्षेत्रको श्रेणीगत विशेषताको निरन्तरता जस्ता चार आधारमा वडाहरूलाई ग्रामीण तथा सहरी क्षेत्र श्रेणीगत वर्गीकरण गरिएको कार्यालयले जनाएको छ ।

ग्रामीण तथा सहरी क्षेत्रमा वर्गीकरणको नतिजाअनुसार राष्ट्रिय जनगणना वि.सं २०६८ र वि.सं २०७८ को बीचमा सहरी जनसंख्या २२.३१ प्रतिशतबाट बढेर २७.०७ पुगेको छ । सहरोन्मुख जनसंख्या ३९.१९ प्रतिशतबाट बढेर ३९.७५ प्रतिशत पुगेको छ । पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्रको जनसंख्या भने ३८.५ प्रतिशतबाट ३३.१९ प्रतिशतमा झरेको सो अध्ययनबाट देखिएको छ ।

'ग्रामीण जनसंख्या अझै पनि एक तिहाइ छ । जबकि, प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले जनसंख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइसराइ कम गर्न दबाब परेको देखिएको छ,' अध्ययन प्रतिवेदनमा भनिएको छ ।

भौगोलिक क्षेत्रका आधारमा ग्रामीण जनसंख्या पहाडमा ६६ प्रतिशत र हिमालमा १६ प्रतिशत छ । सहरोन्मुख जनसंख्या तराई क्षेत्रमा ८५ प्रतिशत छ । स्थानीय तहअनुसार ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण गर्दा दुई हजार ४१२ वडामा ५८ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्र रहेको देखिन्छ । जबकि, सहरोन्मुख ६६४ वडा क्षेत्रमा ३६.१ प्रतिशत र सहरी १३९ वडामा ५.९ प्रतिशत जनसंख्या छ ।

नगरपालिकाको २८.४ प्रतिशत अर्थात् ५९१ वडाको जनसंख्या सहरी क्षेत्रमा छ भने १२८ वडाहरू अर्थात् करिब ४६ प्रतिशत सहरोन्मुख क्षेत्रमा छ । अझै पनि नगरपालिकाका २५.४ प्रतिशत अर्थात् एक हजार ४४४ वडाहरू ग्रामीण क्षेत्रमा रहेको देखिन्छ ।

उपमहानगरपालिकामा ३९ प्रतिशत जनसंख्या सहरोन्मुख र ५३ प्रतिशत सहरी क्षेत्रमा बसोबास गर्ने गरेको देखिन्छ । महानगरपालिकाहरूमा १७ प्रतिशत सहरोन्मुख र २.३ प्रतिशत ग्रामीण विशेषताको छ । बाँकी ८०.७ प्रतिशत सहरी क्षेत्र छ ।

यो तथ्यांकले नगरपालिका भए पनि बसोबास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख छन् र उल्लेख्य जनसंख्या ग्रामीण परिदृश्यमा नै छ भन्ने देखाउँछ । प्रदेशगत हिसाबले विश्लेषण गर्दा संघीय संरचनामा सहरी र सहरोन्मुख जनसंख्या ६६.८ प्रतिशत छ । यस्तो जनसंख्या मधेस प्रदेशमा सबैभन्दा उच्च १९.९ प्रतिशत र बागमती प्रदेशमा १४.६ प्रतिशत छ । सहरी र सहरोन्मुख जनसंख्या हेर्दा सबैभन्दा कम १.२ प्रतिशत कर्णाली प्रदेशमा छ ।

तथ्यांकले सहरी जनसंख्याको वितरणमा सबैभन्दा बढी असन्तुलन तराई क्षेत्रका स्थानीय तहमा रहेको देखाएको छ । मधेस प्रदेशमा बहुसंख्यक अर्थात् ९७१ वडा सहरोन्मुख छन् । बढी सहरी क्षेत्र भएको दोस्रो ठूलो प्रदेश बागमती हो । जबकि, यहाँ पनि ग्रामीण वडाको संख्या ६७२ छ भने कूल सहरोन्मुख र सहरी वडा ४४९ वटा छन् । कर्णाली प्रदेशमा ६३७ वटा वडा ग्रामीण विशेषताका छन् भने ७५ वडा सहरी र छ वटा वडा सहरोन्मुख विशेषतायुक्त छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकाको जनसंख्या ६६.१७ प्रतिशत र गाउँपालिकाको जनसंख्या ३३.८३ प्रतिशत रहेको छ ।

## पृष्ठ १ बाट क्रमशः

### रूसी सेनामा...

उनीहरूको रिहाइका लागि इन्टरनेसनल कमिटी फर रेडक्रसजस्ता कूटनीतिक निकायको माध्यमबाट पहल भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । तर, हालसम्म बन्दी भएका कोही पनि नेपाली नागरिक रिहा भएका छैनन् । मृतक कसैको शव नेपाल ल्याइएको छैन । मृतकहरूको परिवारले क्षतिपूर्तिसमेत पाएका छैनन् ।

नेपाली नागरिकलाई सेनामा भर्ती नगर्न र नगराउन सरकारले युद्धरत देशहरू रुस-युक्रेनलाई परराष्ट्रमन्त्री नारायणप्रसाद साउद (एनपी)ले आग्रह गरेको बताएका छन् ।

दुई साताअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको कार्यालयले रुसी सेनामा विदेशी नागरिकले सेवा गर्न नपाउने स्पष्ट पारेका थिए । कार्यालयले विदेशी नागरिक रुसी सेनामा भर्ती भए/नभएकोबारे अनविज्ञता प्रकट गरेको थियो । तर, नेपाली युवाहरूलाई रुसले आफ्नो देशको सेनामा खुरुखुर भर्ना गर्दै आएको छ ।

केही दिनअघिमात्रै सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति र विभिन्न पेसा व्यवसायमा संलग्न भएकाबाहेकलाई रुस जानुपरेमा 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी)लाई अनिवार्य बनाएको थियो ।

परराष्ट्रमन्त्री साउदका अनुसार रुसी सेनामा भर्ना भएकामध्ये १०० जना नेपाली सम्पर्कविहीन रहेका छन् । त्यसमध्येमै मारिएको भन्दै पछिल्लोपटक सार्वजनिक तीन जना पनि हुन सक्ने ठानिएको छ ।

र, सरकारले युक्रेनी सेनाले बन्दी बनाएका रुसी सेनामा कार्यरत नेपालीहरूलाई रिहा गराउन कूटनीतिक पहलकदमी गरिररहेको दाबी गर्दै आएको छ । यद्यपि, कोही पनि बन्दी नेपालीको रिहा गर्न सरकारले सकेको छैन ।

मस्कोस्थित नेपाली राजदूतावासलाई आवश्यक समन्वय र पहल गर्न निर्देशन दिएको मन्त्री राउतले गत सोमबार बताएका थिए ।

उनका अनुसार दक्षिण एसियाको भारत, बंगलादेश र श्रीलंका तथा खाडी क्षेत्रका ६ देशबाट एनओसी चाहिने गरी प्रबन्ध मिलाइएको छ । थप कोही त्यहाँ गएको भन्ने सूचना आएको अवस्थामा विमानस्थलमा थप निगरानी बढाइने बताए ।

रुस-युद्ध भएको भने डेढ वर्ष नाघेको छ । यसबीचमा दुवै देशतर्फ हजारौं सैनिक तथा गैरसैनिकले ज्यान गुमाएका छन् । कयौं घाइते छन् । रुसले भाडाको सेनाको रूपमा विदेशी नागरिकलाई भर्ती गराएर लडाइँमा पठाउने गरेको विवरणहरू आएका छन् ।

### दोधारमा कांग्रेस....

पार्टी फुटेर तीन टुक्रा भएपछि एमालेको शक्ति पनि राष्ट्रिय सभामा ओरालो लाग्दो छ । २०७८ भदौमा नेकपा विभाजनबाट सात र चुनावबाट सात गरी १४ सांसद गुमाएर १८ सिटमा खुम्चँदा पनि एमाले राष्ट्रिय सभाको सबैभन्दा ठूलो दल थियो । २०७८ माघ १२ गते भएको राष्ट्रियसभा निर्वाचनमा एमालेले गठबन्धनसँगको प्रतिस्पर्धामा आफ्नो आठमध्ये सात सिट गुमाएको थियो । माघ ११ को निर्वाचनबाट नौ सिट गुमाए एमाले नौ जनामात्र सदस्यमा सीमित हुने देखिन्छ ।

यसैले पनि आफ्नो सिट जोगाउन एमालेले कांग्रेसलाई ११ र अध्यक्ष दिनेगरी गठबन्धनको प्रस्ताव गरेको कांग्रेस नेताहरू बताउँछन् । अहिले कांग्रेस राष्ट्रिय सभामा १० सिटसहित तेस्रो दल हो । माओवादी १४ सिटसहित दोस्रो पोजिसनमा रहेको छ । तीन सदस्य बिदा हुँदै गर्दा छ सिट पाएर सबै निर्वाचित भए माओवादी १७ सिट हुनेछ ।

यता नेपाली कांग्रेसले नौ सिट पाएर सबै निर्वाचित भए १५ सिटमै सीमित हुने छ । एकीकृत समाजवादी आठ सिटमै सीमित रहने छ । एमालेको प्रस्ताव मानेर ११ सिट नै जितेमा भने कांग्रेस राष्ट्रिय सभामा पनि पहिलो दल बन्ने छ । कांग्रेस प्रतिनिधिसभामा पहिलो पार्टी हो ।

# सर्वोच्चले सरकारसँग माग्यो जवाफ

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले जलवायु परिवर्तनसम्बन्धी कानुन बनाउन दिएको परमादेशबमोजिम हालसम्म कानुन नबनाएको जिकिर गर्दै दायर गरेको अदालतमा अवहेलनासम्बन्धी मुद्दामा सरकारसँग लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले मंगलबार जलवायु परिर्वतनसम्बन्धी कानुन किन नबनाएको भन्ने विषयमा सरकारसँग १५ दिनभित्र लिखित जवाफ माग गरेको हो । अधिवक्ता पदमबहादुर श्रेष्ठले सर्वोच्च अदालतले २०७५ पुस १० गते दिएको परमादेशअनुसार सरकारले अहिलेसम्म पनि कानुन नबनाएको उल्लेख गर्दै यही पुस ५ गते अवहेलनासम्बन्धी मुद्दा दायर गरेका थिए ।

जलवायु परिवर्तनलाई अनुकुलन तथा न्यूनिकरण गर्ने सन्दर्भमा छुट्टै कानुन निर्माण गरी समस्याको सम्बोधन हुन जरुरी भएकाले जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानुन यथाशीघ्र निर्माण गरी लागू गर्नु गराउनु भन्ने अदालतको आदेशमा उल्लेख छ ।


**Government of Nepal**

**Ministry of Urban Development**

**Department of Urban Development & Building Construction**

**Project Office of Urban Development & Building Construction**

**Bhadrapur-Jhapa**

**Invitation for Bids (IFB):- 10/80-81**

**First date of publication: 2080/09/18 B.S.**

1. Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa invites electronic bids for the construction of various works (Lot-10th) under National Competitive Bidding procedure. All the duly eligible and qualified registered bidders are requested to visit PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP II) for the detail information.

**Project Chief**



## अधिकृत वारेश बदर सम्बन्धी सूचना

लिखितम लब पण्डितको छोरी राजन खत्रिको बुहारी गंगाराम खत्रीको श्रीमती काठमाण्डौ जिल्ला तारकेशवर न.पा. वडा नं. ८ बस्ने वर्ष २८ की अस्मिता पण्डित खत्री (ना.प्र.नं. २७१०३१।५७४३६।४९२७४। मिति २०६७।०३।०२, काठमाण्डौले काठमाण्डौ जिल्ला अदालतमा बिचाराधिन सम्बन्ध विच्छेद मुद्दा (०७८–CP–८१३५) र अंश मुद्दा (०७८–CP–८१३६) मुद्दामा जय बहादुरको नाति लेखत बहादुर पण्डितको छोरा नुवाकोट जिल्ला पंञ्चकन्या गा.पा. वडा नं. ४ बस्ने बर्ष ५३ को लब पण्डितलाई मिति २०७९।०२।१९ गते को दिन अधिृकत वारश नियुक्त गरेकोमा आजको मिति २०८०।०९।१८ देखि सो उल्लेखित मुद्दामा निज लब पण्डितलाई प्रदान गरेको अधिकृति बारेशको कागज बदर गर्ने निर्णय गरेको छु।

**अधिकृत वारेश नियुक्त गर्ने**
**अस्मिता पण्डित खत्री**



## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०९/१८**

श्री अशोक सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/८१ को C१S८ मा गरिएको झाडिसफाई कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको मदुईस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य नरम जात (प्यारी, बिसौदा, बकाईनो, भेल्लर आदी) को दाउरा जम्मा ३५.२५ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**अशोक सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी–२, मदुई बाँके**



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला असाही साविक हजारीया गा.वि.स. वार्ड नं. ३ हाल बरहथवा न.पा. वार्ड नं आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक हजारीया गा.वि.स. वार्ड नं. ४ हाल बरहथवा न.पा वार्ड नं. १ मा वस्ने चन्द्रकली देवी नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हजारीया वार्ड न. ३(ख) कि.नं. १७५१ को ज. वि. ०–२–१० जग्गाको मोही महलमा जिल्ला सलांही साविक हजारीया गा।वि।स। वार्ड नं. ३ हाल बरहथवा न.पा. वार्ड नं. १ मा वस्ने लाल वहादुर पाखिन को नाम उल्लेख रहेकोमा जग्गा धनी भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/९/१३ गतेको आदेशानुसार मोही दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद वा ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुज बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जान गराईन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय लोकन्थलीको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/१८ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय लोकन्थलीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २५ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**१. ऋणीको विवरण:**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७०/०१/१५, मा दर्ता नं. ३७०/९७/१०७१९ कायम भई स्थायी लेखा नं. ३०२९२७२५० अन्तर्गत दर्ता कायम भएको झापा जिल्ला दमक न.पा. वडा नं. १० स्थित **पाथिभरा होटल लज एण्ड पार्टी प्यालेस** (प्रोप्राईटर हरि प्रसाद दंगालको नाती, चन्द्रमणि दंगालको छोरा, झापा जिल्ला दमक न.पा.वडा नं. १ बस्ने **राजेन्द्र दंगाल** (ना.प्र.नं.२३११२४२८,जारी मिति २०४६/०२/२७, जिल्ला प्रशासन कार्यालय झापा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**

१. हरि प्रसाद दंगालको नाती, चन्द्रमणि दंगालको छोरा, झापा जिल्ला दमक न.पा.वडा नं. १ बस्ने **राजेन्द्र दंगाल** (ना.प्र.नं.२३११२४२८,जारी मिति २०४६/०२/२७, जिल्ला प्रशासन कार्यालय झापा) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **राजेन्द्र दंगाल**को नाममा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. २३५९ र २३६१ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-१-०-० -बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**२. ऋणीको विवरण:**

हरि प्रसाद दंगालको नाती, चन्द्रमणि दंगालको छोरा, झापा जिल्ला दमक न.पा.वडा नं. १ बस्ने **राजेन्द्र दंगाल** (ना.प्र.नं.२३११२४२८,जारी मिति २०४६/०२/२७, जिल्ला प्रशासन कार्यालय झापा)

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **राजेन्द्र दंगाल**को नाममा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला तोपगांछी गा.वि.स वडा नं.४ स्थित कित्ता नं. ६२८६ को क्षेत्रफल १२६९.९० (ब.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस २४ गते** भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० पुस २५ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लोकन्थली फोन नं. ०१-६६३६५२७**



कर्णाली प्रदेश सरकार
**भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
गमगढी, मुगु

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति:२०८०।०९।१८ गते)

यस कार्यलयबाट मिति २०८०।०६।०८ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम e-GP System मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही *तपशिल* उल्लेखित बोलपत्रहरु स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | न्यूनतम बोलअंक कबोल गर्ने बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| १ | IDO/MUGU/NCB/ W/01/2080/081 | M/s Ayush-Birat JV, Mugu | 22285493.44 |
| २ | IDO/MUGU/NCB/ W/02/2080/081 | M/s Rara Tenjin Construction P. Ltd., Jorpati, Kathmandu | 30130727.4 |
| ३ | IDO/MUGU/NCB/ W/03/2080/081 | M/s Ayush-Birat JV, Mugu | 20536730.26 |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTEGRATED FUEL COMPANY**

पुर्व स्वीकृति मिति २०८०/०९/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 296740 चलानी नं. ६०२११८११

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Shorting Labour | 18 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUNSHINE WHOLESALE MART SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१७ LT. No. 271777 चलानी नं. ६०१८७६४२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf filler | 16 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY Nepal Employment Pvt. Ltd

श्रम ईजाजत नं. ८८३/०६७/०६८

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822

IAS IAF

# घाममा बसेर वार्षिक परीक्षा दिँदै विद्यार्थी

**सिमकोट (हुम्ला)**– उच्च हिमाली जिल्ला हुम्लामा चिसो बढ्दै गएपछि विद्यार्थीले घाममा बसेर वार्षिक परीक्षा दिन थालेका छन् । हुम्लामा विगतका वर्षझैं हिमपात नभए पनि चिसो बढ्दा खुला चौरमा डेस्क, बेञ्च राखेर विद्यार्थी यो वर्षको वार्षिक तथा अन्तिम परीक्षा दिइरहेका छन् ।

चिसोले सबैभन्दा बढी विद्यार्थीलाई समस्या बनाएको छ । चिसो बढेपछि यहाँका विद्यालयले खुला चौरमा परीक्षा सञ्चालन गरिरहेका छन् । कक्षा कोठाभित्र चिसो बढी हुने हुँदा सिमकोट गाउँपालिका–८ साँता गाउँमा रहेको बलभद्र आधारभूत विद्यालयका विद्यार्थीलाई घाममा राखेर परीक्षा सञ्चालन गरेको प्रधानध्यापक प्रेमकला बुढाले बताए ।

प्रधानाध्यापक बुढाले भने, 'स–साना बालबालिकाले चिसोको समय हिउँदयाममा कक्षा कोठाभित्र बसेर परीक्षा दिन नसक्ने अवस्था आएपछि चौरमै डेस्क, बेञ्च राखेर वार्षिक परीक्षा सञ्चालन भइरहेको छ ।' चिसोले कक्षा कोठाभित्र लेख्न नसक्ने भएपछि चौरमै बसेर परीक्षा दिने व्यवस्था गरिएको प्रधानध्यापक बुढाले बताए । विद्यार्थीले कक्षा कोठाभित्र चिसोले परीक्षा दिन समस्या भएको बताएपछि घाममा बसेर परीक्षा दिने व्यवस्था गरिएको विद्यालयले जनाएको छ ।

बलभद्र आधारभूत विद्यालय साँतामा १६२ जना विद्यार्थी रहेका छन् । यहाँ कक्षा १ देखि ६ सम्म पठनपाठन हुँदै आएको छ । हाल आठजना शिक्षक विद्यालयमा कार्यरत छन् । वार्षिक परीक्षा सकिएपछि ४५ दिनका लागि विद्यालयमा हिउँदे बिदा हुने उनले बताए ।

सिमकोट गाउँपालिका–१ देखि ८ सम्मका आधारभूत, माध्यमिक विद्यालयमा मंगलबारदेखि एकसाथ वार्षिक परीक्षा सञ्चालन गरेको छ । सात गाउँपालिका रहेको जिल्लाका अधिकांश विद्यालयमा अहिले वार्षिक परीक्षा सञ्चालन भइरहेको छ । जिल्लाका धेरै विद्यालयले खुला चौरको पारिलो घाममा विद्यार्थीको परीक्षा लिइरहेका छन् ।

सदरमुकाम सिमकोटसहित उत्तरी क्षेत्रमा थप चिसो बढेको छ । जिल्लामा हिमपात नभए पनि हिउँदयाममा चिसो अत्यधिक हुने गरेको छ । यस्तै तापक्रम माइनसमा झरेको छ । हिमपात भयो भने जिल्लाको तापक्रम माइनस १५ डिग्रीबाट झर्ने गरेको छ । *रासस*

## फाखेल–फर्पिङ सडकखण्ड दुई महिना बन्द

मकवानपुर (प्रस)– फाखेल–फर्पिङ सडकखण्ड दुई महिनाका लागि बन्द गरिएको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने कुलेखानी, हुमाने, फाखेल सडक र हुमाने मातातीर्थ हुँदै काठमाडौंको टेकु जोड्ने सडक निर्माण र स्तरोन्नति गरिने भएकाले सवारीसाधन सञ्चालन बन्द गरिएको हो ।

'आजदेखि आगामी फागुन १५ गतेसम्म फाखेल–फर्पिङ सडकखण्डमा सवारीसाधन आवागमन बन्द गरिएको छ,' इन्द्रसरोवर गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईले सोमबार भने । वैकल्पिक यात्राका लागि हेटौंडा–भीमफेदी कुलेखानीबाट इन्द्रसरोवरको सिस्नेरी दक्षिणकाली तथा कुलेखानीको कलंकी हुँदै मार्खु र चित्लाङको बाटो हुँदै काठमाडौंको थानकोट पुग्ने सडक प्रयोग गर्न उनले आग्रह गरे । सूचना अधिकारी चापागाईंका अनुसार वैकल्पिक यात्राका लागि काठमाडौंको चापागाउँ हुँदै कान्तिलोकपथबाट हेटौंडातर्फ आउने सडक प्रयोग गर्न सकिने छ ।


नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

**पोखरा महानगरपालिका वडा नं. १४ मा निर्माण तथा संचालन हुने फोहोर पानी प्रशोधन प्रणाली (WWTP) को लागि प्रारम्भिक वातावरणीय परीक्षण तयारीको सार्वजनिक सुनुवाईको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/१८)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय, पानीपोखरी, काठमाडौं, फोन नं: ०१-४४१३७४४ ई-मेल: **iwssmp@gmail.com** |
| **प्रस्तावको व्यहोरा** | पोखरा महानगरपालिका वडा नं. १४ मा निर्माण तथा संचालन हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन योजना अन्तर्गत महानगरपालिकाको फोहोर पानी प्रशोधन प्रणाली **(WWTP)** |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १४ |
| **परामर्शदाताको नाम र ठेगाना** | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water & Energy Developers ओशो भवन, कमलादी, काठमाडौं । फोन: ०१-४२२७३९३ ई-मेल: **iwssmp.p2@gmail.com** |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनु हुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| | |
|---|---|
| **स्थान** | पोखरा महानगरपालिका वडा नं. १४ को कार्यालय |
| **मिति:** | २०८०/०९/२१ |
| **समय:** | बिहानको ११:०० बजे |



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
श्री वीरेन्द्र अस्पताल
छाउनी, काठमाण्डौ

**बोलपत्र आह्वानको सूचना**

**सूचना नं. २०८०/०८१/१०**

**(पहिलो पटक सूचना प्रकाशित मिति २०८०/०९/१८ गते ।**

१. आ.व. २०८०/०८१ मा यस अस्पतालमा रहेको मेशिनरी सामानहरुको मर्मत र सामाग्री आपूर्ति **e-GP System** को माध्यमबाट खरिद गर्नको लागि यो ३० दिने बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. बोलपत्रपत्र सम्बन्धी विवरण

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 06//NCB/Works/NA-BH/080/81 | मेशिनरी सामानहरुको मर्मत र सामाग्री आपूर्ति | 1,09,000.00 | 3,000.00 | २०८०/१०/१९ गतेको १२०० बजे | २०८०/१०/१९ गतेको १३०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको **Website** मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।



**Bhokraha Narsingh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chirauli, Sunsari, Koshi Pradesh, Nepal**

**NOTICE OF TECHNICAL BID APPROVAL**

*(Date of publication: 3rd January, 2024 AD)*

This is to notify to all the bidders who have submitted E-bids for the contract as per notice dated 10th November 2023 AD in Prabhav Dainik as per following details. Of all the received bids, the technical bid of following bidder/s succeeded qualification criterions and found to be substantially responsive. Hence,in accordance with the clause 27(2) & (3) of PPA 2063 for the purpose of clause 47 of same act,any bidder who disagrees with the decision, can give application for review within seven days starting from the date of publication of this notice. Thus,It is to inform all the concerned firms hereby that the financial bid will be opened at 13:00 Office hours on 10th January 2024 AD at the same office.

**Details:**

| Contract No./Project Name: | Substantially Responsive Successful Bidder/s in Technical Bid Evaluation: |
|---|---|
| BNRM/WORKS/ROAD/05/2080/2081 "Wada no. 05 Ko Purwa Paschim Rajmarga Bata Factory Hudai Dakshin Sadak Kalopatre" | 1) H.M Builders-Samiksha JV, Inaruwa, Sunsari 2) R-ONE/MORANG /JV, Itahari, Sunsari |
| BNRM/WORKS/ROAD/04/2080/2081 (Wada no. 08 ko Hulaki Rajmarga(Kabristaan) Dekhi Sasatra BOP Camp Hudai Bharat Simana Samma Sadak Kalopatre ) | 1) H.M Builders-Samiksha /JV, Inaruwa, Sunsari |

**Chief Adminstrative Officer**


## वरिष्ठ पत्रकार पोखरेलको अन्त्येष्टि

**काठमाडौं (प्रस)**– वरिष्ठ पत्रकार एवं राष्ट्रिय समाचार समिति (रासस) का पूर्वनिमित्त महाप्रबन्धक गोकुलप्रसाद पोखरेलको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उनका छोरा अनुप पोखरेलले स्वर्गीय पत्रकार पोखरेलको पार्थिव शरीरमा दागबत्ती दिएका थिए । दिवंगत पोखरेलका श्रीमती, एक छोरा र दुई छोरी हुन् ।

पोखरेलको ८७ वर्षका उमेरमा सोमबार त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा निधन भएको थियो । राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य, नेपाल प्रेस इन्स्टिच्युट (एनपिआई) का संस्थापक महासचिव र दुई कार्यकाल अध्यक्ष भएका पोखरेल गोरखापत्र दैनिकका पूर्वसम्पादक र 'मुना' बाल मासिक (बालपत्रिका) का संस्थापक प्रधानसम्पादक पनि थिए । गोरखापत्र संस्थानको राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त पोखरेल पछिल्लो समयमा फोक्सोसम्बन्धी समस्याबाट पीडित थिए । पत्रकारितामा स्नातकोत्तर र अंग्रेजी साहित्यमा पनि दखल राख्ने पोखरेलले अस्पतालको शयचाबाटै काठमाडौं उपत्यकामा वातावरण प्रदूषण वृद्धि हुँदा चिन्ता व्यक्त गर्दै यसका लागि जनचेतना जगाउन जोड दिएका थिए । धनकुटाको कोचिण्डेमा वि.सं. १९९३ मा जन्मिएका पोखरेल काठमाडौं बस्दै आउएका थिए ।


**सच्याईएको सूचना**

मिति २०८० साल पुस १५ गते प्रकाशित किसान सामुदायिक वन उपभोक्त समूह नरैनापुर-१ कालाफाँटा, बाँकेको दरभाउपत्र आह्वानको लागि काठ/दाउरा लिलाम बिक्री सम्बन्धि सूचनामा गोलिया थान १७२ को ३३९१.०२ क्यूफिट काठ हुनुपर्नेमा अन्यथा हुन पुगेकाले सच्याईएको छ ।



**माईग्रेसन हराएको सूचना**

मिति: २०८०/०६/०४ गते वानेश्वरदेखि कोटेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : पवन तिवारी**
**रजिस्ट्रेसन.नं.: ७३४०१९२३५**
**सिम्बोल.नं.: २४००२८६१**
**ठेगाना.: काठमाडौं**
**सम्पर्क: ९८६४८९५२५१**



**धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

**(प्रकाशित मिति २०८०/०९/१८ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **गोंगबु** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति **२०८०/०३/२७** गते अन्नपूर्ण पोष्ट पत्रिका नागरिक दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि ।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा -१६।** **दर्ता नं: ३६०९/०६७/६८**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : महाशंकर रेग्मी (अध्यक्ष तथा जमानिकर्ता)**
बाबु : चन्द्र प्रसाद जैसी (रेग्मी)
बाजे : गंगा राम रेग्मी
ना प्र नं. : ७१३०२०/१३६
ठेगाना : व्यासी-१, बझाङ्ग

**२) नाम : सेखर बस्नेत (संचालक तथा जमानिकर्ता)**
बाबु : दिपक बहादुर बस्नेत
बाजे : रण बहादुर बस्नेत
ना.प्र.नं : ३४९०१
ठेगाना : भीरकोट-९, दोलखा

**३) नाम : बासुदेब भट्ट (उपाध्यक्ष)**
बाबु : तिर्थ राज भट्ट
बाजे : खगेश्वर भट्ट
ना.प्र.नं : ५१९३५
ठेगाना : ताकुमा लासोट-७, गोरखा

**४) नाम : राज कुमार श्रेष्ठ (संचालक)**
बाबु : जित बहादुर श्रेष्ठ
बाजे : लाल बहादुर श्रेष्ठ
ना.प्र.नं : १३००३९
ठेगाना : चलाल गणेशस्थान-१, काभ्रे

**५) नाम : इन्द्र प्रसाद गेलाल (सचिव तथा जमानिकर्ता)**
बाबु : नारायण प्रसाद गेलाल
बाजे : देवी प्रसाद गेलाल
ना.प्र.नं : १८३०७७/७७
ठेगाना : खयरमारा-२, महोत्तरी

**६) नाम : सरद कुमार अधिकारी (संचालक)**
बाबु : केशव राज अधिकारी
बाजे : छबीलाल उपाध्याय
ना.प्र.नं : २६५५५
ठेगाना : तिराम-२, प्यूठान

**७) नाम : रबिन कुमार कार्की (कोषध्यक्ष तथा जमानिकर्ता)**
बाबु : चेत बहादुर कार्की
बाजे : कटक बहादुर कार्की
ना.प्र.नं : १३१०३७/८
ठेगाना : रानिबन-६, ओखलढुङ्गा

**८) नाम : प्रदिप जोशी (व्यवस्थापक तथा जमानिकर्ता)**
बाबु : रामहरी जोशी
बाजे : इन्द्र भक्त जोशी
ना.प्र.नं :३००१०६६/०१५५०
ठेगाना : पनौती-४, काभ्रे

**९) नाम : उमाकान्त न्यौपाने (पूर्व अध्यक्ष तथा जमानिकर्ता)**
बाबु : उदय नारायण न्यौपाने
बाजे : अग्निधर न्यौपाने
ना प्र नं. : ९६३१/४५
ठेगाना : काभ्रेस्थली-३, काठमाण्डौं

**१०)नाम : रुपा राना (पूर्व संचालक)**
बाबु : बिर बहादुर राना । बाजे : डम्बर बहादुर राना । ना.प्र.नं : १२७७८३ । ठेगाना : धनगढी-१, कैलाली

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री गंगा राम रेग्मीको नाति श्री चन्द्र प्रसाद जैसी (रेग्मी)को छोरा बझाङ्ग जिल्ला व्यासी गा.वि.स./ न.पा वडा नं. १ बस्ने श्री महाशंकर रेग्मीको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा नगरपालिका वडा नं. ५ को कित्ता नं. ३४३७ को क्षेत्रफल १६९.३० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री हिरामान श्रेष्ठको नाति श्री मोहलाल श्रेष्ठको छोरा काठमाण्डौं जिल्ला इचंगुनारायण गा.वि.स./ न.पा वडा नं. १ बस्ने श्री प्रेम लाल श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौं दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला इचंगुनारायण गा.वि.स./ न.पा वडा नं. १ नक्सा सीट १०२१०२००२ को कित्ता नं. ४७ को क्षेत्रफल १३१.१०, कित्ता नं. ४९ को क्षेत्रफल १४१.०० र कित्ता नं. ४८ को क्षेत्रफल १४४.८० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री मन नारायण श्रेष्ठको नाति श्री टंक नारायण श्रेष्ठको छोरा धादिङ्ग जिल्ला सुनौलो गा.वि.स./न.पा वडा नं. २ बस्ने श्री हरि कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौं दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा ( डिल्लीबजार) गा.वि.स./ न.पा वडा नं. २९ नक्सा सीट १०२०९८४२४ को कित्ता नं. १८६ को क्षेत्रफल १४०.०५ र कित्ता नं. १८७ को क्षेत्रफल १९२.२० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री धिर बहादुर थापाको बुहारी श्री टेक बहादुर थापाको श्रीमति चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १२ बस्ने श्री प्रेममती देवी थापाको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ३ को कित्ता नं. ७११५ को क्षेत्रफल १०१५.८९ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री धिर बहादुर थापाको नाति श्री टेक बहादुर थापाको छोरा चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १२ बस्ने श्री शम्भु थापाको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ६ को कित्ता नं. ७९६ को क्षेत्रफल ५९.२६, कित्ता नं. ६३९ को क्षेत्रफल ११४.२८, कित्ता नं. ६३३ को क्षेत्रफल ४५७.१४, कित्ता नं. ७११६ को क्षेत्रफल ३३८.६३, कित्ता नं. ६३२ को क्षेत्रफल १०१.५८ र कित्ता नं. ७११४ को क्षेत्रफल ३३८.६३ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री खिम विक्रम जि.सीको नाति श्री राजेन्द्र विक्रम जि.सीको छोरा प्यूठान जिल्ला बाङ्गेमरोठ गा.वि.स./ न.पा वडा नं. १ बस्ने श्री गजेन्द्र विक्रम जि.सीको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौं दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला थानकोट मादेवस्थान गा.वि.स./ न.पा वडा नं. १ नक्सा सीट १क को कित्ता नं. १२४१ को क्षेत्रफल १७४.८० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. श्री गंगा राम रेग्मीको नाति श्री चन्द्र प्रसाद जैसी (रेग्मी)को छोरा बझाङ्ग जिल्ला व्यासी गा.वि.स./ न.पा वडा नं. १ बस्ने श्री महाशंकर रेग्मीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ६ को कित्ता नं. १३८० को क्षेत्रफल १०१.५८, कित्ता नं. १४८२ को क्षेत्रफल २३७.०२, वडा नं. ७ को कित्ता नं. ३०३३ को क्षेत्रफल ८८४.६५ र वडा नं. ८ को कित्ता नं. १२५९ को क्षेत्रफल ३३८.६३, कित्ता नं.१८०८ को क्षेत्रफल ४०६.३५ र कित्ता नं. १०४१ को क्षेत्रफल २८६१.४१ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
८. श्री त्रैलोक्यनाथ निरौलाको बुहारी श्री होम प्रसाद निरौलाको श्रीमति/श्री बोधराज तिम्सिनाको छोरी सुनसरी जिल्ला ईटहरी नगरपालिका वडा नं. १ बस्ने श्री सिता निरौलाको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला चोभार भुतखेल गा.वि.स./ न.पा वडा नं. ३ को कित्ता नं. २८० को क्षेत्रफल ७९४.८५ को जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय सिमराबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००**०१मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोंगबु शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# प्रधानमन्त्रीको स्वागतयोग्य कदम

प्रधानमन्त्री पुष्पकमल दाहालले तेस्रो कार्यकालयको दोस्रो वर्षको सुरूआतबाटै सुशासनलाई केन्द्रमा राख्ने घोषणा गरेका थिए । सिंहदरबारबाट जनताको नाममा सम्बोधन गर्दै आफ्नो दोस्रो कार्यकाल थालेका प्रधानमन्त्री दाहालले सुरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको संरचना परिवर्तन गरे ।

प्रधानमन्त्री कार्यालय भद्द र कर्मचारीका लागि डम्पिङ साइट बन्दै गर्दा दाहालले ६८ दरबन्दी कटौती गरी पहिलो सुधार थाले । प्रशासनिक क्षेत्रमा कतै नबिकेपछि र नटिकेपछि सचिवदेखि उपसचिव यसअघि प्रधानमन्त्री कार्यालयमा थन्किन पुग्थे । यसरी प्रम कार्यालय पुगेका कर्मचारीलाई काम नलाग्ने कर्मचारीका रूपमा हेरिन्थ्यो । उनीहरूको भूमिका पनि केही हुन्नथ्यो । जसकारण कर्मचारीमा फ्रस्टेसन आउँथ्यो नै प्रधानमन्त्री कार्यालयलाई पनि यो तनावकै विषय थियो ।

प्रधानमन्त्री दाहालले यसलाई व्यवस्थापन गर्ने विषयमा केही जोखिम मोलेका छन् । बाहिरी कार्यक्रममा नजाने भनेका दाहालले यसमा सुधार गर्न भने सकिरहेका छैनन् । यद्यपि सोमबारको मन्त्रिपरिषद्बाट दाहालले अर्को सुधारको संकेत थपेका छन् । दाहालले मन्त्रिपरिषद्को बैठकमा हुँदै आएको खाजा खर्च कटौती गरेर थप सुधारको संकेत देखाएका हुन् । सरकारले सोमबारबाटै मन्त्रिपरिषद् बैठकको खाजा खर्च कटौती गरेको हो । बैठकमा प्रधानमन्त्रीले स–साना विषयबाट सुधारको थालनी गर्नुपर्ने भन्दै बैठकको खाजा कटौती गरिएको बताएका थिए ।

प्रत्येक मन्त्रिपरिषद् बैठकमा खाजाबापत करिब ६० हजार रूपैयाँ खर्च हुन्थ्यो । जसअनुसार वर्षमा १०० भन्दा बढी मन्त्रिपरिषद्का बैठकमा हुने करिब ६० लाख रूपैयाँ खर्च कम हुन्थ्यो ।

सुशासन र सुधारमा स–साना विषय पनि महत्त्वपूर्ण मानिने भएकाले प्रधानमन्त्रीले आफ्नै कार्यालयबाट सुधारको थालनी गरेका हुन् । प्रधानमन्त्री दाहालले मंगलबार नै अर्को प्रशंसनीय निर्देशन दिएका छन् । दाहालले आफू पुग्ने कार्यक्रममा सार्वजनिक बिदा नदिन निर्देशन दिएका हुन् । बिहीबार रामेछापको सुनापति गाउँपालिकामा दाहाल पुग्ने भएपछि गाउँपालिकाभर बिदा घोषणा गरिएको थियो । दाहालले समाचार प्रसारणमा आउनसाथ देशभरका कुनै पनि आफू पुग्ने कार्यक्रममा सार्वजनिक बिदा नदिन निर्देशन दिएका हुन् ।

सरकारको कार्यशैली बदल्ने घोषणा गरेका दाहालले सार्वजनिक बिदाका दिनबाहेक दैनिक १० बजे सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुग्ने गरेका छन् । कांग्रेसले सोमबार आयोजना गरेको मेलमिलाप दिवसमा लामो समय बस्नपरेपछि दाहाल पछुताएका थिए । आफूले सुशासनका लागि वाचा कसेको समयमा कार्यक्रममा लामो समय बस्दा जनमानसमा राम्रो छाप नपर्ने भन्दै दाहालले अब यो बानी नदोहोर्‍याउने बताएका थिए । प्रधानमन्त्री दाहालको पछिल्ला कदम खर्च कटौती र प्रशासन सुधार केन्द्रित रहेकोले स्वागतयोग्य छ ।

# चुनावी वर्ष र लोकतन्त्रको बढ्दो संकट



▶▶ शंकर तिवारी

> सन् २०२४ को ध्यान अब गाजा र युक्रेनको युद्धभूमिभन्दा पर ७६ देशका मतपत्रहरूमा ज्यादा केन्द्रित हुने छ । विशेषगरी अमेरिकाको निर्वाचन सर्वाधिक रूचि र चर्चाको विषय हुने छ । त्यसको परिणामले युद्धग्रस्त गाजा र युक्रेनको भविष्य अनि ताइवानको संकटमात्र नभएर एक ध्रुवीय विश्व कति छिटो बहुध्रुवीय हुने छ भन्ने कुराको निर्धारण गर्ने छ । अमेरिकी निर्वाचनमा ट्रम्प विजयी हुने कुरा पानीढलो सावित हुने छ । उनलाई दुई राज्यको अदालतले निर्वाचनमा खडा हुनबाट वञ्चित गरेको भएता पनि पुराना नजिरको अभावमा सर्वोच्च अदालतले राष्ट्रपति उम्मेदवार हुनबाट रोक्न नसक्ने अनुमान गरिएको छ ।

सन् २०२४ मा ७६ देशमा हुने निर्वाचनमा विश्वको आधाभन्दा धेरै जनसंख्याले तिनीहरूको स्थानीय मेयरदेखि केन्द्रीय प्रतिनिधि अर्थात् राष्ट्रपति, प्रधानमन्त्री, चान्सलर चयन गर्ने निर्वाचन प्रक्रियामा भाग लिने छन् । विश्व इतिहासमा बालिग मताधिकारको प्रचलन भएयता २०२४ सर्वाधिक ठूलो चुनावी वर्ष हुने छ । यो वर्ष विश्वको कूल आठ अर्ब १० करोड जनसंख्यामध्ये चार अर्ब २० करोड जनसंख्याले निर्वाचनमा सहभागी हुने छन् ।

सर्वाधिक जनसंख्या भएका १० मध्ये आठ देश क्रमशः भारत, संयुक्त राज्य अमेरिका, इण्डोनेसिया, पाकिस्तान, ब्राजिल, बंगलादेश, रुस र मेक्सिकोमा निर्वाचन हुने छ । लोकतन्त्रसम्बन्धी अध्ययन गर्ने संस्था डेमोक्रेसी इन्डेक्सका अनुसार ७६ देशमध्ये ४३ देशमामात्र स्वतन्त्र र निष्पक्ष निर्वाचन हुने छ । युरोपियन युनियनमा आबद्ध २७ देशमा तुलनात्मकरूपमा चुनाव स्वतन्त्र र निष्पक्ष हुने छ । अधिकांश निर्वाचनले यथास्थितिलाई नै बढावा दिने छ । लोकतन्त्रको बढ्दो संकट अमेरिकाको घरेलु राजनीतिको प्रभावले विश्व राजनीतिमा पनि असर पार्ने अनुमान गरिएको छ । आखिरमा लोकतन्त्र भनेको आवधिकरूपमा भोट हाल्न पाउनुमात्रै त होइन ।

सन् २०२४ को नोभेम्बरमा हुने अमेरिकाको चुनावलाई उमेरले ८० लागेका दुई वृद्धबीचको अलोकप्रियताको प्रतिस्पर्धाका रूपमा हेरिएको छ । अमेरिकी राष्ट्रपतिको चुनाव यति धेरै निरस यसअघि कहिल्यै बनेको थिएन । विशेषगरी चार राज्य एरिजोना, जर्जिया, पेन्सिलभेनिया र विन्स्कन्सिनका हालसम्मका अनिर्णित मतदाताले ती वृद्धहरूको भाग्यमात्र नभएर विश्वकै भविष्य निर्धारण गर्ने छन् ।

भारतमा हालै सम्पन्न पाँच राज्यसभाका निर्वाचनबाट नरेन्द्र मोदीले प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल अनुमोदित हुने पक्कापक्की देखिएको छ । विश्लेषक योगेन्द्र यादवले अझै पनि भारतीय कांग्रेस पार्टी नेतृत्वको प्रतिपक्षी गठबन्धन 'आइएनडिआइए'ले मोदीको लहरलाई रोक्न सकिने प्रक्षेपण गरेर थाकिसकेका भने छैनन् । हिन्दीभाषी बहुल उत्तर भारतीय क्षेत्रमा भारतीय जनता पार्टीको बढ्दो वर्चस्वलाई विवादित अयोध्याको राममन्दिरको उद्घाटनले नयाँ रोमाञ्चकता थपेको छ ।

उता पाकिस्तानमा यो पटक सेनाको समर्थन नवाज सरिफको पाकिस्तान मुस्लिम लिगलाई हुने देखिएको छ । बंगलादेशमा प्रतिपक्षी बहिस्कारसँगै शेख हसिना वाजेदको शासनअवधि लम्बिने निश्चित छ ।

रुसमा भ्लादिमिर पुटिन नयाँ संविधानअन्तर्गत तेस्रोपटक र समग्रमा पाँचौंपटक राष्ट्रपति निर्वाचित हुने छन् । मेक्सिकोले महिलालाई प्रथमपटक राष्ट्रपति पदमा निर्वाचित गर्ने छ । प्रमुख दुई दलले महिला उम्मेदवार नै अगाडि सारेकाले यो सम्भव हुने छ । बेलायतमा भने यो पटक प्रियतावादी नेतृत्व निर्वाचित हुने छैन, कारण त्यस्ता नेताहरू प्रमुख पार्टीहरू लेबर र कञ्जरभेटिभ दलको मुख्य नेतृत्वमा छैनन् । बहालवाला प्रधानमन्त्री ऋषि सुनकलाई १४ वर्षपछि केर स्टामर नेतृत्वको लेबर पार्टीको उदय रोक्न फलामको चिउरा सावित हुने छ । उता फ्रान्सका मध्यमार्गी एमानुअल म्याँक्रोलाई दोस्रोपटक निर्वाचित हुनबाट रोक्ने बलियो प्रतिस्पर्धी देखिएका छैनन् । जर्मनीमा पनि एसडिपी नेतृत्वको वर्तमान गठबन्धन नै अगाडि छ ।

अघोषित शीतयुद्ध नयाँ चरणमा प्रवेश गर्ने छ । सन् २०२३ को अन्त्यमा अमेरिकी राष्ट्रपति जो वाइडेन र चिनियाँ राष्ट्रपति सी चिन फिङले अमेरिका भ्रमणका क्रममा चार घण्टा आमनेसामने वार्ता गरेको कुराले गर्माएको विश्व राजनीति र चीन-अमेरिका द्वन्द्व केही ठण्डा भएको अनुमान गरिएता पनि त्यस शिखर वार्ताको ठोस सकारात्मक परिणति आउने सम्भावना कम छ ।

युक्रेन र इजरायल युद्धमा अल्झी राख्दा अमेरिकाले ताइवानको रक्षा गर्न सक्छ कि सक्दैन, सन्देहको घेरामा परेको छ । ट्रम्प अमेरिकी राष्ट्रपतिमा विजयी बनेमा युरोपियन युनियनले युक्रेनको उद्धारको बोझ उठाउनुपर्ने छ । मध्यपूर्वको तनाव झट्ट समाप्त भइहाल्ने गुञ्जायस देखिएको छैन । इरानका ८४ वर्षीय सर्वोच्च नेता आयोतल्लाह अलि खामेनीका सम्भावित उत्तराधिकारी उनकै ५४ वर्षीय माइला छोरा मोजतोवातर्फ सबैको ध्यान आकृष्ट हुने छ ।

ऊर्जाको स्रोतको रूपमा स्वच्छ ऊर्जातिरको संक्रमणले नयाँ हरित महाशक्तिहरूको उदयमात्र हुने छैन ऊर्जाको स्रोतको नयाँ नक्सा पनि कोरिने छ । लिथियम, तामा र निकलको भाउ बढ्ने छ । नयाँ लड°इँ उच्च प्रविधियुक्त चिप्सका लागि हुँदै छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नयाँ यथार्थ बन्न पुगेको छ । यसको उपयोग र दुरूपयोगबारे तीव्ररूपमा मत विभाजित छ । एआईको नियमन जटिल बन्दै जाने निश्चित छ, चुनावी परिणाम प्रभावित पार्न र प्रत्यक्ष रोजगारीमा पर्ने असर भयावह हुने निश्चित छ । दी इकोनोमिस्ट अखबारका पत्रकार टा'म स्टचाण्डेज उल्लेख गरेजस्तै के सन् २०२४ मा पेरिस ओलम्पिक्स र पुरुषहरूको टी-ट्वान्टी विश्वकप क्रिकेटले मात्रै विश्वलाई जोडेर राख्न सक्ला त ?

नेपालमा पनि प्रियतावादको चर्को राग फैलिँदै गएको संकेत देखिन्छ । चितवन, तनहुँ र बारामा भएको संसदीय उपनिर्वाचनमा त्यो लहर बढ्दो थियो । आगामी माघमा हुन लागेको राष्ट्रिय सभा निर्वाचन सकिएको तीन महिना अर्थात् चैत्र/वैशाखमा हुने अनुमान गरिएका इलामलगायतका जिल्लामा हुने उपनिर्वाचनले प्रियतावादको ज्वरोको नयाँ मापन गर्ने छ । परम्परागत राजनीतिक दलले राष्ट्रिय सभामा खडा गर्ने उम्मेदवारले त्यसका लागि भावभूमि तयार गर्ने छ । इपिएस परीक्षा दिएर कोरिया जान लागेका दुई युवाको प्रदर्शनीको क्रममा भएको मृत्युले सरकारमाथि दबाब बढेको छ ।

सन् २०२४ को ध्यान अब गाजा र युक्रेनको युद्धभूमिभन्दा पर ७६ देशका मतपत्रहरूमा ज्यादा केन्द्रित हुने छ । विशेषगरी अमेरिकाको निर्वाचन सर्वाधिक रुचि र चर्चाको विषय हुने छ । त्यसको परिणामले युद्धग्रस्त गाजा र युक्रेनको भविष्य अनि ताइवानको संकटमात्र नभएर एक ध्रुवीय विश्व कति छिटो बहुध्रुवीय हुने छ भन्ने कुराको निर्धारण गर्ने छ । अमेरिकी निर्वाचनमा ट्रम्प विजयी हुने कुरा पानीढलो सावित हुने छ । उनलाई दुई राज्यका अदालतले निर्वाचनमा खडा हुनबाट वञ्चित गरेको भएता पनि पुराना नजिरको अभावमा सर्वोच्च अदालतले राष्ट्रपति उम्मेदवार हुनबाट रोक्न नसक्ने अनुमान गरिएको छ । मतपरिणामले लोकतन्त्रको बढ्दो संकटलाई कम गर्न सकोस् । निर्वाचनहरूको जय होस् । बुलेट होइन, ब्यालेट वर्ष २०२४ को शुभकामना । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारबाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरबाट बल्लबल्ल बच्ची । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने । सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यबाट परिचित थिएन ।

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसका रहस्य जान्न एक सामा चाल थियो यागको वास्तविकता थियो जीवनलाई छुटाउन पि ज्ञ व्यक्ति को एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो। उनलाई मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो । तपाईंको साहस धन्य छ मित्र ? यत्रो सम्पूर्ण कुरा भइसक्दा पनि फेरि त्यही उत्साह ?

केही सोच्दै राक्षसले आफ्नो सबैभन्दा योग्य र विश्वस्त गुप्तचर विराधलाई भन्न लागे- 'तिमी आफ्नो समाचार सुनाऊ मित्र ? अब तिमी नै भन चाणक्यलाई कसरी जित्ने ?'

तपाईंको कृपा मालिक ! हामी शत्रुलाई शत्रुकै तीरले मार्छौं । मैले चाणक्यको 'कौटिल्य अर्थशास्त्र' मागेर पढेँ । त्यसमा शत्रुनाशका धेरै कुरा लेखिएका छन् हामी चन्द्रगुप्तको सेनामा विद्रोहको बीउ रोप्छौं । राज्याधिकारी र मन्त्रीहरूमा स्वार्थको बीउ हालेर फुट पैदा गर्छौं ।

मलाई तिमीजस्तो साथीसँग पूरा भरोसा छ विराध तिमी सुझबुझले ओतप्रोत भएका व्यक्ति हौ ।

राक्षस र विराधको यो कुरा हुँदै थियो । एउटा संकेत स्वरले दुवै झस्के विराधले सतर्क हुँदै भन्यो- 'लाग्छ कुनै गुप्तचर हो । शत्रु या मित्र यसलाई हेर्नुपर्दछ' ।

उसलाई हेर्न विराध हिँड्यो अगाडि जीवास एक अपरिचितलाई लिई आइरहेछ । जीवाक्ष त्यै गुप्तचर थियो जो विषकन्यासँग गएको थियो । चाणक्यद्वारा बन्दी भएको थियो । नजिकै आएपछि जीवाक्षले विराधको चरण छोयो। अपरिचितले नमस्कार गर्‍यो ।

क्रमशः




# झूठ बोल्ने मन्त्री

स्थान : बालकुमारी सडकखण्ड

समय : पुसको महिना बिस्तारै घाम तात्दै गरेको समय ।

केही वर्षअघि चीन सरकारले बनाइदिएको चिटिक्कको चक्रपथ । चक्रपथको बालकुमारी सडकखण्डमा बिहानैदेखि भीडभाड बढ्दै गएको छ । भर्खरैका युवा पुस्ता सडकका छेउछाउ टन्नै छन् । हुन त कोटेश्वर बालकुमारी क्षेत्र कलेजै कलेज भएका कारण पनि प्रायः कलेज जाने विद्यार्थीहरूका कारण बिहानदेखि नै भीडभाड त त्यसै नै हुने ठाउँ । त्यसमाथि रोजगारीका लागि परीक्षा दिनका नपाएकाहरूले परीक्षा दिन पाउँ भन्दै केही दिनदेखि वैधानिकरूपमा मान्छे निर्यात गर्ने सरकारी कार्यालयमा धर्ना सुरु भइरहेकै छ ।

आज पनि धर्ना चलेकै छ । युवाहरू जिन्दावाद र मुर्दावादको नारा लगाउने चिसो ठण्डीमा सडकमा निस्किसकेका छन् । उनीहरूको एउटै नारा छ- परीक्षा दिन पाउनैपर्छ । विदेशीले सुन्दा तीन छक्क पर्छन् होला । कलिला उमेरका विद्यार्थी युवाहरूले परीक्षा दिन पाउनुपर्छ भन्दा पनि सरकार मौन बसिरहेको छ । कस्तो खालको सरकार होला । उता परीक्षा दिन नपाएको भन्दै केटाहरू जिन्दावाद र मुर्दावाद चलाइरहेका छन् । त्यही समय चिल्लो सडकखण्डमा चिल्लो गाडीमा झण्डा हल्लाउँदै, फर्फराउँदै मन्त्रीको सवारी हुन्छ ! हुलमूलमा । त्यसमाथि पनि चिल्लो गाडीमा मन्त्रीको सवारी क्या बात् ।

धर्ना, जुलुस, आन्दोलन गरेर मन्त्री भएका व्यक्तिले केटाहरूको हुर्मत लिन खोजेछन् कि क्या हो ? चिल्लो कारमा सवारी भएपछि आँखा देख्ने कुरै भएन । आफूले विगतका गरेका कुरा वा त्यस्तै हुन्छ भन्ने त सुरै भएन । तोडफोडको शिक्षा आफैंले दिएको हैन ? तर पनि हुर्मत नलिएकै भए राम्रो हुन्थ्यो । बूढापाकाले भन्थे नि- हुलमूलमा जीउ जोगाउनु, अनिकालका बीउ जोगाउनु ।

वारपार नै केटाहरूको भीड छ । भीडको बीचमा चिल्लो झण्डासहितको गाडी छ । परीक्षा दिन पाउनुपर्छ भन्दै नारा लगाएका केटाहरूले चिल्लो गाडीलाई किन सहजै जान दिन्थे र आफ्नो हुर्मत लिन आएको ठाने छन् क्यार चारैतिरबाट छेका हानिहाले ।

होहल्ला हुँदै थियो । बाटो छोड भन्ने र गाडी फर्का भन्नेको तँछाडमछाड नभएको पनि होइन । तर एक्कासी 'पटचाङ पटचाङ' को आवाजले विद्यार्थी केही केटाहरू तितरवितर त भए । तर त्यही बीचमा दुई युवा चिल्लो सडकमा 'डङरङै' बजारिए । साथी सडकमा ढलेपछि तितरवितर हुन खोजेका युवाहरू माहुरीको गोलाजस्तै भइहाले । त्यसपछि चिल्लो गाडीबाट सुकिलामुकिला व्यक्ति बाहिर निस्किए ।

अर्कोतिर सडकमा ढलेको दुई साथीको रक्षार्थ गुहार मागिरहेका थिए । पानी-पानी भन्दै एउटा छटपटाइरहेको थियो । अर्को सडकमा रगताम्मै भइसकेको थियो । तर चिल्लो गाडीबाट निस्किएको सुकिलो मुकिलोलाई त्यहाँ कसैको छोरा ढलेको छ । कसैको दाइभाइ वा भतिज ढलेको छ भन्ने चिन्ता हुन सकेन । केवल थियो मैले हुर्मत लिनु थियो लिएँ भनेजस्तै ।

सूचना प्रविधिको युग हो यो । कसैले झूठ बोल्नै सक्दैनन् । सबैका हातहातमा स्मार्ट फोन छन् । अहिलेको कुरा अहिले नै विश्वभर पुर्‍याउनसक्ने प्रविधिको विकास छ । त्यसैले ती हुर्मत लिने खोज्ने चिल्लो सवारीमा सवार सुकिला मानिसको तस्बिर सामाजिक सञ्जालमा रंगिसकेको थियो ।

देशले केही दिएर परीक्षा दिएर कोरिया जान पाउँ भन्ने युवा पुस्तामाथि गोली प्रहार भएको कुरा 'एक कान दुई कान मैदान' भइसकेको थियो । सञ्चारमाध्यमहरूले युवामाथि गोली प्रहार भएको समाचार सनसनी मच्चाइसकेका थिए । तर गोली हान्नुपर्ने विषय पनि र भयावह अवस्था थिएन । तर भयो ।

सुकिलामुकिला विरुद्धको लडाइँ जितेर आएकाहरूले आफूलाई नै सुकिलामुकिला बनाउँदै छोटे बाबुसाहेक बनाउन खोजेपछि देश छोडेर कमाउन जान्छु भन्नेले संसार नै छाडेर जानुपर्ने अवस्था आयो ।

भीड आक्रोशित बनिसकेको थियो । चिल्लो गाडीमा झण्डा हल्लाउँदै चिल्लो बाटो हुँदै आएका सुकिला मानिस त्यहाँबाट ओझेल परिसकेका थिए । आक्रोशित भीडले चिल्ला गाडीलाई एक छिनमा डढेलो लगाइदियो । सुकेको पतझरजस्तै सरकारी सम्पत्ति निमेशभरमा खरानी भयो । जसरी अनावश्यक ठाउँमा सुकिला व्यक्तिहरूको हुर्मतले गोली प्रहार हुँदा एउटा कर्णधारको सपना खरानी भएजस्तै । घरपरिवारको सपना चकनाचुर भएजस्तै !

सुकिला बनेर आएका हिजोका तिनै 'तोरी लाहुरे'हरू सत्ताको स्वाद चाख्न पाएपछि कसरी आफूलाई बिर्सन्छन् भन्ने देखाइदिए, उही बालकुमारीको चीनले बनाइदिएको सडकमा ।

प्रविधिको बढ्दो प्रयोग सञ्चारको सहजताले त्यसै सुकिलामुकिलालाई कहाँ छाड्थे । 'टिरिङऽऽ टिरिङऽ घण्टी बजेको बज्यै छ । तर बालकुमारीको भीडमा चिल्लो गाडीमा डढेलो लगाएर फुत्किएका सुकिलाको मन कहाँ सहज थियो होला र ? बल्लतल्ल फोन उठ्छ । उताबाट फोनमा पत्रकारको आवाज आउँछ ।

हेल्लोऽ हेल्लो मन्त्रीज्यू, कता हुनुहुन्छ ? पत्रकारको प्रश्न खस्न नपाउँदै हड्बढाउँदै मन्त्रीको जवाफ आउँछ । 'म बैठकमा छु' अँ भन्नुस् त । पत्रकारले फेरि प्रश्न गर्छ । तपाईं बैठकमा पुग्नु भएको छैन भन्ने कुरा आइरहेको छ तर तपाईं भने बैठकमा छु भनेर भन्नुहुन्छ ?

उताबाट मन्त्रीले जवाफ फर्काउँछन् । बैठकमै छु त कस्तो छैन भन्नुहुन्छ । बैठकमा भएको वा नभएको तपाईंलाई कसरी थाहा हुन्छ । म बैठकमा नै छु । मन्त्रीले फोन काट्छन् ।

के तालको मन्त्री हो जवाफ नै नसिद्धिँदै फोन काट्छन् । हैन आजकालका मन्त्री के भाका हुन् । मन्त्री नहुञ्जेलसम्म यो छाप्नुपर्‍यो र त्यो छाप्नुपर्‍यो भन्दै फोन गर्छन् । जब सत्तामा पुग्छन् । त्यसपछि त कुरो उही हो । कति भाउ खोज्छन् हो ।

पत्रकारले फेरि फोन गर्छन्, 'होइन तपाईंकै कारण गाडी पनि जल्यो मान्छे पनि मर्‍यो भन्ने कुरा के हो ?' मन्त्री जवाफ दिन्छन्, 'म त्यहाँ छँदै छैन, म त पार्टीको बैठकमा छु । मलाई छाडेर ड्राइभरले सवारी लिएर गएको हो । अहिले सुन्दै छु, सवारी जलाइयो रे !'

देश हाँक्ने तीन करोड जनताको नेतृत्व लिएर मन्त्री बनेको मान्छेले झूठ बोलेको कत्ति नसुहाएको हौ । कठैबरा, देश बनाउँछु भनेर जनप्रतिनिधि भएर आएका मन्त्रीको हर्कत ! देशका जनताले काम गर्न विदेश जान्छु परीक्षा दिन पाउँ भन्दा गोली खानुपर्ने । आन्दोलनमा सँगै भएका मन्त्रीले गोली लागेर मान्छे मरिसकेपछि आक्रोशित भीडले सवारी जलाएको केही क्षणमै आफू त्यही नभएको भन्दै झूठ बोल्नुपर्ने ? एकपटक झूठ बोल्ने मन्त्रीले पाइलापाइलामा जनतालाई झूठ बोल्छन्, त्यस्ता सुकिला मन्त्रीहरू पदमा बसिरहन कुन नैतिकताले दिँदो रहेछ हँ ।

देशले रोजगारी सिर्जना गर्न सक्दैन, रोजगारी गर्न विदेश जान्छु परीक्षामा सामेल हुन पाउँ भन्दा सरकारले त्यो पनि दिँदैन । सरकारले त दिन्छ केवल अन्याय, अत्याचार, भ्रष्टाचार । जनतालाई त केवल झूठ झूठ र झूठको खेती । त्यसैले त मर्ने त मरेर गयो गयो । मर्नेहरू सालिक भए, मार्नेहरू आज यो देशमा मालिक भए !

# हिउँ, हिमाल र हिउँ चितुवाको मारमा याकचौंरी

**मनाङ–** हिमाली जिल्ला मनाङका बासिन्दाको मुख्य व्यवसाय कृषि, पशुपालन र पर्यटन हो । पर्यटक आमगन वृद्धि भएसँगै पर्यटन व्यवसायको सुरुआत भएको हो भने कृषि र पशुपालन यहाँको परम्परागत व्यवसाय हुन् ।

यहाँका स्थानीय बिस्तारै पशुपालनबाट विमुख हुने अवस्थामा छन् । घाँसको अभावले गर्दा यहाँका बासिन्दा व्यवसाय फेर्न थालेका छन् । विदेशिने क्रम बढ्नाका साथै परम्परागत व्यवसायबाट लाभ कम हुन थालेसँगै व्यवसाय परिवर्तनको अवस्थामा यहाँका बासिन्दा छन् ।

पहिलेभन्दा हिमपातमा कमी आउँदा पशुपालक किसान मारमा परेका छन् । हिमपात परेको खण्डमा यहाँ याकचौंरीका लागि घाँस पलाउने गर्दछन् । हिमपात कम हुन थालेपछि भने घाँसको कमी हुँदै गएको मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका ६० वर्षीय पशुपालक किसान याङ्चु खण्डा लामाले बताए । उनले भने, 'पहिले पहिले हिउँदका लागि वस्तुभाउलाई खुवाउन घाँस सुकाएर राखिन्थ्यो, अहिले घाँस नै कम पाइन्छ, पानीको अभावले घाँस नै हुन छाड्दै गएको छ, पहिले समयमा हिउँ पर्थ्यो र घाँस पनि समयमा नै पलाउँथ्यो, अहिले घाँस पलाउनै छाडयो, पहिलेको जस्तो घाँस नै आउँदैन ।'

पशु पाल्न र कृषिमा लाग्न पानी नै मुख्य आवश्यकता रहेको उनले बताए । उनले भने, 'अहिले त खर्क पनि झन् माथि सरेको जस्तो पो लाग्छ, घाँस खोज्दै वस्तुमाथि माथि जान्छन्, हामी पछि लागिरहन्छौं ।' जतिमाथि गयो उति नै हिउँ चितुवाको डर पनि बढ्दै जाने गरेको उनले बताए । आहाराको अभावले हिउँ चितुवाले अहिले घरपालुवा पशुलाई आक्रमण गर्ने क्रम बढ्दै गएको छ ।

त्यस्तै पशुपालक किसान सोनाम लामाले माथि खर्कमा लैजाँदा चितुवाको जोखिम बढ्दै जाने गरेको बताए । उनले भने, 'माथि खर्कमा याकचौंरी चराउन लैजाँदा चितुवाले सताउँछ, गोठमा कुर्दाकुर्दै बाच्छाबाच्छी मार्दिन्छ, कैयौं दिन त नसुतीकनै गोठ कुरिन्छ, तर पनि हुँदैन ।'

चितुवाको आक्रमण बढेको सुनाउँदै उनले भने, 'चितुवा बढेको हो कि आहारा कम भएको बुझ्नै सकिएको छैन, घाँसको कमी उस्तै छ, हिउँ चितुवाले पनि सताउने क्रम बढेको छ, बाच्छाबाच्छीलाई सुरक्षित राख्ने भनेर खोरमा राखिन्छ, तर कहिलेकहीँ त माउलाई नै मार्दिन्छ, बच्चा हुर्काउनै मुस्किल हुन्छ ।'

मनाङ डिस्याङ-१ पिसाङका ७० वर्षीय याङदुङ गुरुङले घाँस कम हुने, गोठाला नपाउने र हिउँ चितुवाको आक्रमण बढ्दै जाँदा पुशपालन घट्दै गएको बताए । उनले भने, 'पहिले सयौं याकचौंरी, भेडा, घोडा पाल्दै आए पनि अहिले घटाउँदै लगेको छु, गोठाला पाउनै मुस्किल छ, घाँस घटेको छ ।' गोठ माथि खर्क लैजाने बेलामा पशुचौपाया हेर्न गोठाला बिना नहुने अवस्था रहेको उनले सुनाए ।

चितुवाको आक्रमणले पशुचौपाय मार्ने र घाइते बनाइदिने भएपछि गोठाला बिना पशु पाल्न सक्ने अवस्था नरहेको उनको भनाइ छ । उनले भने, 'हिउँ कम पर्छ, हिउँ नपरेपछि केको घाँस पलाउनु पानी नै हुँदैन, पानी र घाँसको अभावले वस्तु पाल्न पनि कम गर्नुपर्ने बाध्यता आउन थालेको छ ।'

बिस्तारै हिमाली जिल्लामा नै हिउँ कम पर्न थालेको पाइन्छ । हिउँ कम पर्दै जाँदा कृषि र पशुपालनमा लागेका किसान मारमा पर्ने गरेका छन् । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/२२ मा दर्ता भएको प्रा.लि.नं. २४४५२७ को **अल्फानेट कम्युनिकेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/१२/०४ मा दर्ता भएको फ्रेस लुक बुटिक प्रा.लि. (दर्ता नं. २११०४५) को मिति २०८०/०२/१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौं २९ मा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
लिक्वीडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७, फोन नं. ९८५१००४४१४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०६७/०८/१७ मा दर्ता भएको प्रा.लि.नं. ७८०८२ को **फ्रेण्डशिप सव-रेमिटान्स एक्सप्रेस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/१८

यस कम्पनीको मिति २०८०/०८/१६ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोयल हिमालयन होलिडेज प्रा.लि. (प्रा.लि. नं. २५४८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/१९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आनन्द हिमालयन होलिडेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/२१ मा दर्ता भएको **प्रा.लि. नं. २५८०६६** को **स्वागत संगित इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABDULLAH MANSOUR AL SHEHRI EST. FOR SERVING BEVERAGES

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ LT. No. 297122 चलानी नं.६०२१२४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1200 | ४२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOON PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१७ LT. No. 289134 चलानी नं. ६०२०४४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६०
वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MITABA QAYYAD MUTAIRAN AL-HAZMI FODDER FOUNDATION

पूर्व स्वीकृति मिति: २०८०/०९/१३ LT. No. 297228 चलानी नं. ६०२१२४५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1800 | ६४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEWAH VISION SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 270554 चलानी नं. ६०१८६५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAL AL KHALEEJ TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 289270 चलानी नं. ६०२०४६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 4 | 0 | 1000 | ३४९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIQUE CLEANING CO. FOR CLEANING & MAINTENANCE ONE PERSON CO

पूर्व स्वीकृति मिति २०७९/०१/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 262499 चलानी नं. ६०१७८६७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Window Cleaner | 5 | 0 | 1200 | ४२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 282856 चलानी नं. ६०१९८२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : T M A X ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति २०७९/०१/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No.262522 चलानी नं. ६०१७८८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 7 | 1000 | ३६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger | 75 | 0 | 1000 | ३६,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF UNION FOOD CO

पूर्व स्वीकृति मिति २०७८/१०/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 256095 चलानी नं. ६०१८४०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 3 | 0 | 1900 | ६७,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDDLE EAST MANPOWER SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०५/११ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 291710 चलानी नं. ६०२०६९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 20 | 0 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 1200 | ४३,२१५ | | | | | | | |
| 3 | Scaffolding Foreman | 5 | 0 | 2000 | ७२,०२५ | | | | | | | |
| 4 | Scaffolding Supervisor | 5 | 0 | 2500 | ९०,०३० | | | | | | | |
| 5 | Skilled Labor | 20 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

# प्रभाव दैनिक

बुधबार १८, पुस २०८० (Wednesday, January 3, 2024)


रूपशाला



## प्रकाश सपुतको 'मुटु कटक्कै' ट्रेन्डिङको शीर्ष स्थानमा

गायक प्रकाश सपूतले नयाँ गीत 'मुटु कटक्कै' सोमबार सार्वजनिक गरेका हुन् । मायामा पीडाको कथा ब्यक्त गरिको गीतले सार्वजनिक भएको २४ घन्टामा ८ लाख २० हजार बढी भ्यूज पाउँदै युट्युब ट्रेन्डिङको शीर्षस्थानमा आएको छ । गीतमा शब्द तथा संगीत सपूत स्वयम्को छ भने स्वरमा उनलाई कुशल बेलबासे र प्रताप दासले साथ दिएका छन् । गीतको एरेन्ज सुदिप सागरले गरेका हुन् । गीतमा प्रकाश सपूत, कुशुम शर्मा, रोशनी कार्की, विजय पून लगायतको अभिनय छ । नवराज उप्रेतीको छायाँकन, प्रविन भट्टको सम्पादन रहेको गीतको भिडियो गायक सपुत आफैंले निर्देशन गरेका हुन् ।

# 'पर्खी बसेँ तिमीलाई'को शीर्ष गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** पुस २७ गतेबाट प्रदर्शन हुने फिल्म 'पर्खी बसेँ तिमीलाई' मा समावेश शीर्ष गीत सार्वजनिक गरिएको छ । सार्वजनिक गीतमा प्रमोद खरेल र अनु चौधरीको स्वर, महेश खड्काको सङ्गीत र डाक्टर कृष्णहरी बरालको शब्द छ ।

हिमाली तथा पहाडी भूभागको रमणीय दृश्यमा छायांकन गरिएको गीतमा यसै फिल्ममार्फत अभिनयमा डेब्यु अभिनेता किरण श्रेष्ठ र अभिनेत्री रक्षा बुढाथोकी फिचर्ड छन् । गीतको कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन् । किरण र रक्षाको प्रेम र समर्पणलाई गीतमा चित्रण गरिएको छ ।

दीपक श्रेष्ठको निर्देशनमा तयार भएको फिल्मको ट्रेलरमा हासो, रोदन, एक्सन, बिछोड सम्पूर्ण कुराको मिश्रण छ । निर्देशक श्रेष्ठले 'पर्खी बसेँ' मार्फत नयाँ कलाकारका रूपमा राजबल्लभ कोइराला र युना उप्रेतीलाई डेब्यु गराएका थिए । यसपटक उनले 'पर्खी बसेँ तिमीलाई' मार्फत अभिनेतामा किरण श्रेष्ठ र अभिनेत्रीमा रक्षा बुढाथोकी डेब्यु गराएका छन् ।

रोमन फिल्म र तपश्री फिल्मस् (सिक्किम) को संयुक्त ब्यानरमा निर्माण गरिएको फिल्ममा अनिशा रसाइली, शिव श्रेष्ठ, विल्सन विक्रम राई, सुनिता श्रेष्ठ लगायतका कलाकारको अभिनय छ । राजाराम बुढाथोकीको निर्माण, कोमल गुरुङको सह निर्माण, परिच्छेद सेन, मौनता श्रेष्ठ र पुरुषोत्तम ढुंगेलको लेखन, संकल्प भुजेलको छायांकन, शम्भुजित बाँस्कोटा, दीपक शर्मा, महेश खड्का र बाबुल गिरीको सङ्गीत, भुपेन्द्र अधिकारीको सम्पादन रहेको फिल्ममा रामजी लामिछाने र निशा रसाइलीको नृत्य निर्देशन रहेको छ ।

नेपालसँगै सिक्किमको रमणीय दृश्यमा गरिएको फिल्ममा काठमाडौं उपत्यकामा करण श्रेष्ठको रीच इन्टरटेनमेन्ट र मोफसलमा एफडी कम्पनिले वितरण गर्नेछ ।

# मरिण महोत्सवमा गुञ्जिए नवीन



■ प्रभाव संवाददाता

**काठमाडौं–** सिन्धुलीको मरिण गाउँपालिका-४ स्थित रङ्गशाला सोमबार साँझ गीत संगीतमय भयो । 'चौथो मरिण महोत्सव २०८०'को अन्तिम दिन समापन समारोहमा लोकगायक नविन पौडेलले आफ्नो गीतसंगीत मार्फत स्टेज तताएका थिए ।

सिन्धुली उद्योग वाणिज्य संघ मरिण शाखाको आयोजना, चिनध्वज बम्जनको अध्यक्षता रहेको समापन समारोहको प्रमुख अतिथि मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तान थिए । थुप्रै गायक गायिकाले आफ्नो प्रस्तुति दिइसकेको महोत्सवका समापनमा भने गायक पौडेल निम्त्याइएको थियो ।

कार्यक्रममा गायक पौडेलले 'ब्यथिती नै ब्यथिती छ सुध्रिने हो कहिले ?' गीतबाट पब्लिक जागरुक गरेका थिए । गायक पौडेलले त्यसपछि आफ्नो नयाँ गीत 'मत हजुर निजामती' गाए ।

यो गीतमा दर्शकले उनलाई नृत्य र तालीले समेत साथ दिएका थिए । जब पौडेले 'के सम्झनु छ र जान्न मत त्यो घर' गीत गाए । वान्स मोरको हुटिङले कार्यक्रम स्थलनै गुञ्जायमान भयो । वान्स मोरको हुटिङकाबीच पौडेलले 'घर मेरो सुदूरपश्चिम', 'हरहर वासना अगरबत्तीको', 'बुलाकी झुम्काना', 'मन परेरै हो' लगायत आधा दर्जन गीत प्रस्तुति गर्दै आफ्नो कार्यक्रमको बिट मारे ।

गत ६ पुसदेखि सुरु भएको महोत्सव स्थानीय कलासंस्कृति प्रदर्शन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको थियो । महोत्सवमा प्रमोद खरेल, रामजीखाँड, इन्दिरा गुरुङ, खेम सेन्चुरी लगायत थुप्रै गायक गायिकाले प्रस्तुति दिएका थिए ।

# 'ए मेरो हजुर ५' बनाउने झरनाको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म 'ए मेरो हजुर ५' निर्माण हुने भएको छ । निर्देशक झरना थापाले अंग्रेजी नयाँ वर्षको अवसर पारेर फिल्म घोषणा गरेकी हुन् । उनले समाजिक सञ्जालमार्फत फिल्मको घोषणा गरेकी हुन् । 'ए मेरो हजुर' को यस अगाडि ४ सिक्वेलसम्म निर्माण भैसकेको छ । झरना निर्देशित गत भदौमा 'एक भगवत् र एक गीता' प्रदर्शनमा आएको थियो ।

यो फिल्मको असफलतापछि केही समय चुप बसेकी झरनाले अहिले फेरि नयाँ फिल्म घोषणा गरेकी हुन् । उनले फिलमको बारेमा अन्य जानकारी दिएकी छैनन् । स्वर्गीय शिव रेग्मी निर्देशित 'ए मेरो हजुर' को दोस्रो सिक्वेलबाट झरनाले निर्देशन थालेकी हुन् ।

पाँचौं श्रृंखलालाई पनि उनले नै निर्देशन गर्नेछिन् । फिल्ममा उनकै छोरी तथा अभिनेत्री सुहाना थापा मुख्य भूमिकामा प्रस्तुत हुने चर्चा छ ।

मुख्य अभिनेतामा भने झरनाको पहिलो रोजाईमा अनमोल केसी हुनेछन् । किनभने यसको अघिल्लो सिक्वेलमा अनमोल र सुहानाको जोडी थियो ।



रंगशाला

# वार्षिक क्यालेन्डर सार्वजनिक गर्दै क्यान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ क्यानले आगामी बिहीबार वार्षिक क्यालेन्डर सार्वजनीक गर्ने भएको छ ।

क्यानले मंगलबार सुचना जारी गर्दै बिहीबार क्यालेन्डर सार्वजनीक गर्ने घोषणा गरेको हो ।

त्रिवि क्रिकेट मैदानमा दिउँसो १ बजे वार्षिक क्यालेन्डर सार्वजनिक गर्ने कार्यक्रम राखिएको छ ।

क्यानको नयाँ निर्वाचित कार्यसमितिले क्यालेन्डर सहित क्रिकेट विकासको काम अघि बढाउने घोषणा गरेको थियो । सोही अनुसार क्यानले वार्षिक क्यालेन्डरलाई पत्रकार सम्मेलनको आयोजना गरेर सार्वजनीक गर्ने तयारी गरेको हो ।

क्यानको वार्षिक क्यालेन्डरमा उमेर समुह र सिनियर टिमको वर्षभरीका घरेलु क्रिकेटका कार्यक्रमको तालिका समावेश हुनेछ । बहुप्रतिक्षित फ्रेन्चाईज क्रिकेट नेपाल प्रिमियर लिगको समेत बिहीबार खुलासा हुने अपेक्षा गरिएको छ । चतुरबहादुर चन्द नेतृत्वमा दोहरिएर आएपछि क्यानले क्यालेन्डर अनुसार संघको गतिविधि अघि बढाउने तयारी गरेको हो ।

# उमा कुङफुका संजीत अमेरिकामा सम्मानित




■ प्रभाव संवाददाता

**काठमाडौं–** उमा कुङफुका अन्तर्राष्ट्रिय निर्णायक एवं भेट्रान खेलाडी संजीतकुमार राई अमेरिकाको टेक्सासमा सम्मानित भएका छन् । किरात राई समाज, अमेरिकाले खेलकुदको माध्यमबाट नेपाल र किरात राई समुदायको प्रतिष्ठा अभिबृद्धि गरेवापत पारुहाङ साँझको अवसरमा संजीतलाई सम्मान गरेको हो ।

सिटी अफ अर्भिङका डेपुटी मेयर डेनिस वेव, किरात राई समाज, अमेरिकाका अध्यक्ष खगेन्द्र राई र किरात राई समाज, अमेरिका टेक्सास च्याप्टरका अध्यक्ष दिलिप राईले संजीतलाई प्रशंसा पत्र प्रदान गरी एक कार्यक्रमबीच सम्मान गरे । राष्ट्रिय उमा कुङ फु प्रतियोगितामा आफ्नो तौलसमूहका दुईपटकका राष्ट्रिय च्याम्पियन संजीत स्लोभेनियामा भएको डब्लुएमएसी उमा विश्व च्याम्पियनसिपका स्वर्ण विजेता हुन् ।

उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गरेका छन् । नेपाल उमा कुङ फु संघका वरिष्ठ उपाध्यक्ष समेत रहेका संजीत अमेरिकामा हुने ब्याटल अफ द ड्रागन च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न र निर्णायकको भूमिका निर्वाह गर्न हाल अमेरिकामा छन् ।

संजीतले सम्मानले खेलकुदमा अझ सक्रिय भएर अगाडि बढ्न प्रेरित गरेको बताउँदै सम्मानका लागि किरात राई समाज, अमेरिकालाई धन्यवाद दिए ।

# खेलकुदले मस्तिष्क, हातखुट्टा र मनलाई क्रियाशील बनाउँछ : राष्ट्रपति पौडेल

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउने र खेलकुदले मस्तिष्क, हातखुट्टा एवं मनलाई क्रियाशील तथा अनुशासित बनाउने बताएका छन् ।

काठमाडौं महानगरपालिकाद्वारा यहाँ आयोजित तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले भने, 'अतिरिक्त क्रियाकलाप र खेलकुद शिक्षालाई पूर्ण बनाउने र विद्यार्थीमा सीप, ज्ञान, सामाजिक मूल्यको आर्जन र कार्य तत्परता विकास गर्ने खुला मैदान हुन् ।'

राष्ट्रपति पौडेलले शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा भएको बताउँदै शिक्षण सिकाइ विद्यार्थीका लागि शरीरमा मुटुजस्तै र शिक्षण सिकाइमा खेलकुदको समाविष्टता स्वनिर्भरता र सशक्तीकरणको प्राण भएको बताए । उनले भने, 'खेलकुदकै माध्यमले युवा विद्यार्थीले आफ्नो आत्मविश्वास, सकारात्मक अनुभूति र प्रतिभाको विकास गर्न सक्छन् । खेलकुद क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तीन तहबाट यसमा यथेष्ट प्रयत्न होऊन् भनेर म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।'

राष्ट्रपति पौडेलले पुस्तक र विद्यालयको सीमाको सिकाइले मात्र विद्यार्थीलाई पूर्ण बनाउन नसक्ने भन्दै यसका लागि परिवार, समाज र परिवेश समावेश हुने, खुला गरेर सिक्ने तथा गरिखाने पुस्तकविहीन शिक्षा आवश्यक रहेको बताए ।

विद्यार्थी शिक्षामा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुने उनले स्पष्ट पारे । उनले भने, 'खेलकुदले युवालाई शारीरिक रूपमा स्वस्थ र कामका लागि तयार बनाउँछ । यो उनीहरूलाई ऊर्जा, सजीवता र सामर्थ्य दिने माध्यम तथा स्वास्थ्य ठीक राखी शिक्षामा अग्रसर हुने र आफ्नो जीवनमार्गमा सफल बनाउने कारक पनि हो ।'

राष्ट्रपति पौडेलले खेलकुदले सामाजिक जीवनलाई समृद्धिपूर्ण बनाई सांस्कृतिक अनुभूति प्रदान गर्ने उल्लेख गर्दै खेलकुदमा भाग लिने विद्यार्थी एकअर्काप्रति सहयोगी भई सामूहिक प्रयत्न र सामाजिक भावनातर्फ अग्रसर हुनसक्ने बताए । उनले भने, 'यो परिवार, समाज र राष्ट्रलाई समृद्ध बनाउने असल मार्ग हो भन्ने मलाई लाग्छ । खेलकुदले युवामा नेतृत्वको विकास गराई जटिल परिस्थितिमा सहजताका साथ प्रतिस्पर्धा गर्ने क्षमता प्रदान गर्ने भएकाले यसमा सहभागी हुनेले धैर्य र समर्थनको भावना विकास गर्न सक्नुपर्छ जुन हाम्रो राष्ट्रका लागि आजको आवश्यकता हो ।'

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले खेलकुद शारीरिक र मानसिक रूपमा सशक्त बनाउने माध्यम भएकाले विद्यार्थीमा त्यस किसिमको विकास हुन आवश्यक रहेको विचार व्यक्त गरे । महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले राष्ट्रिनिर्माण र विकासमा खेलाडीको भूमिका प्रभावकारी र सक्षम हुनपर्ने भएकाले स्थानीय, प्रदेश र सङ्घस्तरीय नै विभिन्न खेल प्रतियोगिताको आवश्यकता रहेको बताए । खेलाडीको उत्पादनमा विकास होस् भन्ने आशाले महानगरपलिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरेको उनले बताए ।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा भलिबल, कबडी, तेक्वान्दो, एथलेटिक्स, कराते र उसु गरी छ विधामा प्रतिस्पर्धा हुने उपप्रमुख डङ्गोलले जानकारी दिए । प्रतियोगितामा ८३ विद्यालयका तीन हजार दुई सय ५० विद्यार्थीले भाग लिनेछन् ।

# गाजा युद्ध सन् २०२४ भर जारी रहने इजरायली सेनाको चेतावनी

**गाजापट्टी (प्यालेस्टिनी अधीनस्थ क्षेत्र)–** गाजामा लगातार हमलामा दुई दर्जन मानिस मारिएको र प्यालेस्टिनी लडाकू समूह हमासले आधा रातमा रकेट हमला गरेको भन्दै इजरायलले हमासविरुद्ध उसको युद्ध सन् २०२४ भर जारी रहने चेतावनी दिएको छ ।



इजरायली सेनाका प्रवक्ता डेनियल हगारीले नयाँ वर्षको सन्देशमा तीन लाख सेना रिजर्भमध्ये केहीलाई आगामी 'लामो लडाइँ'का लागि युद्धबाट विश्राम दिइने बताए । 'सेनाले यो पूरा वर्ष थप कार्य र युद्धको आवश्यकतालाई बुझेर भावी योजना बनाउनुपर्छ,' अक्टोबर ७ मा हमासको हमलबाट सुरु भएको द्वन्द्व अझ बढेको भन्दै उनले भने ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरूका अनुसार हमास शासित गाजामा पुनः गोलाबारी हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको छ । संयुक्त राष्ट्रसंघका अनुसार गाजापट्टीमा ८५ प्रतिशत जनसंख्या विस्थापित भएको छ ।

घेरामा परेको गाजापट्टीमा २० वर्षीय हमदान अबु अरबले सन् २०२४ अझ राम्रो हुने आशा व्यक्त गरे । 'हामी वर्षको अन्तिम दिन बाहिर जान्थ्यौं र आफ्नो समयको आनन्द लिन्थ्यौं, तर यो नयाँ वर्षको पूर्वसन्ध्यामा क्षेप्यास्त्र र मानिसहरूको अवशेषहरू मात्र छन्,' अबु अरबले भने ।

हमासले वर्षको सुरुआत इजरायलमा रकेट हमला गर्दै यसलाई 'नागरिकहरूको नरसंहारको प्रतिक्रिया' भनेको छ । रकेट हमला गरेपछि तुरुन्तै २६ वर्षीय गेब्रियल जेमेलम्यानले भने, 'मेरो मुटु धड्किरहेको थियो, यो भयानक छ, तपाईंले हामीले जुन जीवन बाँचेको देख्नुभयो, यो पागलपनले भरिएको छ ।'

इजरायलले हमासलाई ध्वस्त पार्ने वाचा गरेको छ र दण्डात्मक आक्रमण सुरु गरेको छ । यसले गाजाको विशाल क्षेत्रलाई भग्नावशेषमा परिणत गरेको छ । इजरायली हमलामा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २१ हजार ८२२ जना मारिएका छन् । इजरायली सेनाका अनुसार गाजाभित्र इस्लामिक लडाकु समूह हमासविरुद्धको युद्धमा उसका १७२ सैनिक मारिएका छन् ।

इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले शनिबार हमासको अन्त्य र बन्धकलाई फिर्ता नगरेसम्म युद्ध धेरै महिनासम्म चल्ने चेतावनी दिएका थिए ।

'हामीले हाल गाजामा सेना परिचालन र रिजर्भ प्रणालीको योजनालाई पनि अनुकूल बनाउँदै छौं, केही रिजर्भका सेना यसै साता उनीहरूको परिवार र रोजगारीमा फर्किने छन्,' प्रवक्ता हगारीले भने, 'यसबाट अर्थतन्त्रको बोझलाई उल्लेखनीयरूपमा कम गर्ने छ र उनीहरूलाई अर्को वर्षमा आगामी गतिविधिहरूका लागि शक्ति सञ्चय गर्न सहयोग पुग्नेछ, लडाइँ जारी रहने छ र उनीहरूको आवश्यकता अझै हुने छ ।'

युद्धको सुरुआतमा इजरायलले घेराबन्दी गरेपछि गाजाबासीहरूले खाद्यान्न, पानी, इन्धन र औषधिको चरम अभावको सामना गर्नुपरिरहेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टिनी नागरिकको 'महामानवीय पीडा' र 'सामूहिक सजाय'को निन्दा गरेका छन् । त्यस्तै विश्व स्वास्थ्य संगठनले भोक र संक्रामक रोगको चेतावनी दिएको छ । *रासस/एएफपी*

## जापानमा भूकम्प : मृत्यु हुनेको संख्या ४८ पुग्यो

**टोकियो–** मध्य जापानको इशिकावा प्रान्तमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या दिउँसो ३:३० सम्म ४८ पुगेको छ । इशिकावा, निगाता, फुकुई, टोयामा र गिफु प्रान्तमा थुप्रै घाइते भएको बताइएको छ । प्रधानमन्त्री किशिदा फुमियोले मंगलबार पत्रकार सम्मेलनमा सो अपडेट गराएका हुन् ।

'प्रभावित क्षेत्रमा भारी मेसिनरी पठाउन पनि गाह्रो बनाइरहेको छ । हामी मार्गहरू सुरक्षित गर्ने तरिकाबारे सोचिरहेका छौं र तीमध्ये जहाजहरू प्रयोग गर्नु एउटा विकल्प हुन सक्छ,' एनएचकेले प्रधानमन्त्रीलाई उद्धृत गर्दै उल्लेख गरेको छ । सोमबारदेखि जापानमा कम्तीमा १५५ वटा भूकम्पका धक्का अनुभव गरिएको छ । *रासस/सिन्ह्वा*

## नयाँ वर्षको पूर्वसन्ध्यामा गोलाबारी, दुई जनाको मृत्यु

**लस एन्जलस–** नयाँ वर्षको पूर्वसन्ध्याको पार्टीमा सोमबार गोली चल्दा दुई जनाको मृत्यु भएको छ भने आठ जनालाई अस्पताल भर्ना गरिएको छ । लस एन्जलस प्रहरी विभागका अनुसार गोलीबारी स्थानीय समयअनुसार बिहान १ बजे एक गोदाम भवनमा आयोजित पार्टीको क्रममा भएको थियो । अधिकारी घटनास्थलमा पुग्दा, सडक तथा फुटपाथमा धेरै व्यक्ति सुतिरहेको देखिन्थे ।

एक पुरुष तथा एक महिलाको घटनास्थलमै मृत्यु भएको बताइएको छ । पार्टीका अपरिचित व्यक्तिबीच झगडा भएका कारण गोली हानाहान भएको सो विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ । गोलाबारीको घटनामा १० जनाको ज्यान थियो ।

विभागले घटनाका पीडित सबै नयाँ वर्षको अवसरमा पूर्वसन्ध्याको पार्टीमा सहभागी भएको बताएको छ । गोलीबारीका कारणबारे अनुसन्धान जारी रहेको बताउँदै घटनाको आशंकामा हालसम्म कसैलाई पनि पक्राउ नगरेको बताउदै थप विवरण उपलब्ध गराउने आग्रह गरेको छ । *रासस/सिन्ह्वा*

## अफगानिस्तानको निर्यात दुई अर्ब डलर पुग्यो

**काबुल–** सन् २०२३ मा युद्धग्रस्त अफगानिस्तानको निर्यात करिब दुई अर्ब अमेरिकी डलर पुगेको छ । उद्योग तथा वाणिज्य मन्त्रालयका प्रवक्ता अखुन्दजादा अब्दुल सलाम जवादले दिएको जनाकारीअनुसार गत वर्ष सन् २०२३ मा अफगानिस्तानको निर्यातको मात्रा १.९ अर्ब अमेरिकी डलर पुगेको छ ।

यसैगरी सन् २०२२ मा निर्यातको मात्राको तुलनामा ४१ मिलियन अमेरिकी डलर (दुई प्रतिशतले)वृद्धि भएको निजी टेलिभिजन च्यानल टोलोन्युजले जावादलाई उद्धृत गर्दै मंगलबार उल्लेख गरेको छ ।

अधिकांश सामान पाकिस्तान, भारत, चीन, संयुक्त अरब इमिरेट्स, कजाकिस्तान र उज्वेकिस्तानमा निर्यात भएको अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएको छ । यसअघि अफगानिस्तानको कामचलाउ सरकारका उद्योग तथा वाणिज्य मन्त्री नुरुद्दीन अजीजीले अफगानिस्तानले आफ्ना उत्पादन छिमेकी राष्ट्रलगायत ६० भन्दा बढी देशमा निर्यात गर्ने बताएका थिए । *रासस/सिन्ह्वा*


### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAN KOK LEYONG NURSERY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१७ LT. No. 269515 चलानी नं. ६०१८५३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 45 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FRAGRANT GARDEN NURSERY SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१७ LT. No. 266438 चलानी नं. ६०१८२४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Workers | 24 | 0 | 1500 | ४२,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOON XING TRADING

पूर्व स्वीकृति मिति : २०७९/०६/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 271688 चलानी नं. ६०१८७९७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

Ever Bright Overseas Pvt.Ltd.

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW FALCON SUPERMARKET

पूर्व स्वीकृति मिति: २०७९/०२/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१७ LT. No. 263564 चलानी नं. ६०१८०९७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 2600 | ८९,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ५८,५१० | | | | | | | |
| 3 | Executive Sales | 1 | 0 | 2500 | ८६,०४५ | | | | | | | |
| 4 | Gen Clean Worker | 1 | 0 | 1000 | ३४,४२० | | | | | | | |
| 5 | General Supervisor | 1 | 0 | 2500 | ८६,०४५ | | | | | | | |
| 6 | Laborer | 1 | 0 | 1000 | ३४,४२० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 2500 | ८६,०४५ | | | | | | | |
| 8 | Marketing Specialist | 1 | 0 | 4000 | १३७,६७५ | | | | | | | |
| 9 | Packing Worker | 1 | 0 | 1300 | ४४,७४५ | | | | | | | |
| 10 | Representative | 1 | 0 | 2500 | ८६,०४५ | | | | | | | |
| 11 | Sales Supervisor | 1 | 0 | 2500 | ८६,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/066/067

IMPERIAL OVERSEAS PVT. LTD.

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9840098991
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MASTER TRADING CONTRACTING & SERVICES WLL

पुर्व स्वीकृति मिति २०८०/०९/१७ LT. No. 297417 चलानी नं६०२१२४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Install Electrician | 3 | 0 | 1200 | ४४,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 6 | 0 | 1000 | ३६,६९५ | | | | | | | |
| 3 | Driver | 8 | 0 | 1900 | ६९,७२० | | | | | | | |
| 4 | Receptionist | 1 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 5 | Foreman | 5 | 0 | 2500 | ९१,७३५ | | | | | | | |
| 6 | Supervisor | 7 | 0 | 2500 | ९१,७३५ | | | | | | | |
| 7 | Draftsman | 3 | 0 | 3000 | ११०,०८५ | | | | | | | |
| 8 | Rain Force Fitter | 3 | 0 | 1200 | ४४,०३५ | | | | | | | |
| 9 | Representative | 3 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 10 | Marketing Represent | 1 | 0 | 2200 | ८०,७३० | | | | | | | |
| 11 | Assistant Cook | 3 | 0 | 1500 | ५५,०४० | | | | | | | |
| 12 | Chawarma Maker | 1 | 0 | 1400 | ५१,३७५ | | | | | | | |
| 13 | Electric | 1 | 0 | 1200 | ४४,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75

KALIKA HUMAN RESOURCE PVT LTD

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9815066837
9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



### मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EAZA FORCE (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०६/१० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 292405 चलानी नं. ६०२०८३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 35 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RLIIG MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०५ LT. No. 289167 चलानी नं. ६०२१२४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WIRA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 292614 चलानी नं. ६०२०७८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ICON PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१७ LT. No. 282597 चलानी नं. ६०१९८१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २५ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



### वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२१०००० | प्रति तोला – १२०४०० | प्रति तोला – १४६० |






**बिक्रीमा सुन्तला** | कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यापारीले बिक्रीका लागि राखेको सुन्तला । *तस्बिरः हरिराम भेटुवाल/रासस*

## परिसंघ र अमेरिकन चेम्बर अफ कमर्शबीच समझदारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसङ्घ (सिएनआई) र अमेरिकन चेम्बर अफ कमर्श (एमच्याम) बीच लगानी अभिवृद्धि तथा नेपाल र अमेरिकाबीच व्यावसायिक वातावरण सुदृढ बनाउन सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

नेपाल उद्योग परिसङ्घको कार्यलयमा मंगलबार आयोजित कार्यक्रममा परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र अमेरिकन चेम्बर अफ कमर्शका अध्यक्ष निर्मलकाजी श्रेष्ठले समझदारीपत्रमा हस्ताक्षर गरे ।

परिसङ्घका अध्यक्ष अग्रवालले यस सहकार्यले नेपाल र अमेरिकालाई व्यावसायिक रूपमा जोड्न पुलको काम गर्ने बताए । उनले उक्त सहकार्यले ज्ञान सीपको आदानप्रदान, नवप्रवर्तन तथा नयाँ सहकार्यका बाटोहरू खुला गर्ने, विश्वव्यापी बजारमा प्रतिस्पर्धा गर्न, विदेशी लगानी आकर्षित गर्न, औद्योगिक विकासका लागि योगदान गर्न मद्दत गर्ने उल्लेख गरे ।

अमेरिकन चेम्बरका अध्यक्ष श्रेष्ठले उद्योगीको साझा संस्था परिसङ्घसँगको सहकार्यले अमेरिकी लगानी अभिवृद्धि गर्दै मुलुकको अर्थतन्त्रको विकासका लागि प्रभावकारी रूपमा काम गर्ने बताए ।




समझदारीमा दुई संस्थाले नेपाल र अमेरिकाका उद्यमीबीच सम्पर्क विन्दुका रूपमा काम गर्ने, नेपालमा लगानी गर्न इच्छुक अमेरिकी लगानीकर्तालाई लगानीसम्बन्धी जानकारी दिने, पारस्परिक उद्देश्य पूरा गर्न नीतिगत सुधारको वकालत गर्ने गतिविधिमा सहकार्य गर्ने, नेपालमा अमेरिकी लगानी बढाउन रणनीतिक गतिविधि सञ्चालन गर्नेछन् ।

साथै बजारमा आधारित वित्तीय र गैरवित्तीय सेवामा पहुँच वृद्धि गर्दै प्रविधिका क्षेत्रका लागि लगानी र व्यवसाय वातावरण सुधारमा काम गर्ने समझदारीपत्रमा उल्लेख छ । सो अवसरमा परिसङ्घका उपाध्यक्ष अमित मोर, पदाधिकारी सदस्य सन्दीप सारडा, अमेरिकन चेम्बर अफ कमर्शका पदाधिकारीको सहभागिता थियो ।

## सेयर बजारमा लगातार गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगातार छैटौं कारोबार दिन सेयर बजार झरेको छ । ५ पुस र सोयता कारोबार भएका सबै दिन बजार घटेको हो । मंगलबार ३० अंकले नेप्से घटेर २०३० अंकमा कायम भएको छ । मंगलबार दिनभर ४ अर्ब ४ करोड रूपैयाँको कारोबार भयो । अघिल्लो दिन ४ अर्ब ४८ करोडको कारोबार भएको थियो । कुल ३७ कम्पनीको मूल्य बढ्दा २०५ को घट्यो भने ३ को स्थिर रहयो । सबै समूहका सूचक घटेका छन् ।




होटल तथा पर्यटन समूह सबैभन्दा धेरै ३.२ प्रतिशत घट्यो । बैंकिङ १.१, विकास बैंक १.३, फाइनान्स १.३, हाइड्रोपावर १.३, जीवन बीमा २.९, उत्पादन १.२, माइक्रोफाइनान्स १.३, निर्जीवन बीमा २.७, अन्य ०.६ र व्यापार उपसमूह १ प्रतिशत घटे ।

समग्र बजार घट्दा पनि चिरख्वा हाइड्रोपावर, मुक्तिनाथ कृषि कम्पनी, नेपाल वेयरहाउजिङ कम्पनी र लक्ष्मी लघुवित्तको मूल्य १० प्रतिशत बढ्यो । हिमालयन हाइड्रोपावरको १०, सिटिजन लाइफ इन्स्योरेन्सको ७, दोर्दी हाइड्रोपावरको ६.५, अपरहेवाखोलाको मूल्य ५.५ प्रतिशत घट्यो ।

कारोबार रकमका आधारमा शिवम् सिमेन्ट, हाथवे इन्भेस्टमेन्ट कम्पनी, सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी, सोनापुर सिमेन्ट र एनआरएन इन्फ्रास्ट्रक्चर कम्पनी क्रमशः अगाडि रहे ।

## काभ्रेमा बृहत् कृषि महोत्सव हुँदै

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोकको बनेपामा 'बृहत् कृषि महोत्सव' को आयोजना गरिने भएको छ । जिल्ला समन्वय समिति, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका संयुक्त आयोजनामा जिल्लाका किसानले उत्पादन गरेका कृषि तथा पशुजन्य उपजको प्रदर्शनी तथा बजारीकरण गरी उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले आउँदो फागुन ४ देखि ७ गतेसम्म बृहत् कृषि महोत्सवको आयोजना गरिने भएको हो ।

कृषि महोत्सवको आयोजनार्थ सरोकारवालाबीच भएको छलफलमा महोत्सवले कृषि क्षेत्रमा भएको उत्पादनको बजारीकरण, नयाँ प्रविधिबारे जानकारी प्रदान गर्नाका साथै व्यावसायिक कृषि पेसामा आबद्ध हुनका लागि नागरिकलाई उत्प्रेरित गर्ने अपेक्षा गरिएको केन्द्रले जनायो ।

केन्द्रका प्रमुख कुलप्रसाद दवाडीका अनुसार महोत्सवमा अन्नबाली, दलहन बाली, नगदेबाली, फलफूल, तरकारी, मसला बाली, च्याउ बाली र महलगायत स्थानीय कृषि उपज तथा उत्पादन समावेश गरिने छ । उनले महोत्सवमा दुग्धजन्य उपज एवं उत्पादन प्रविधि, पशुपक्षीजन्य उपज एवं उत्पादन तथा प्रविधि, मासुजन्य उत्पादन, मत्स्यजन्य परिकारसमेत समावेश गर्न सकिने बताए ।

## ग्लोबल आइएमईको रक्तदान

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको उपलक्ष्यमा देशव्यापीरूपमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

ग्लोबल आइएमई बैंक पौष १७ गते मंगलबारदेखि स्थापनाको १७ वर्ष पुरा गरी १८ औं वर्षमा प्रवेश गरेको छ । यही अवसरमा बैंकले मंगलबार नै देशका सातवटै प्रदेशमा एकैसाथ रक्तदान कार्यक्रमको साथ-साथै निशुल्क आँखा जाँच, रक्तचाप तथा मधुमेह परिक्षण आयोजना गरेको हो ।




यस कार्यक्रमअन्तर्गत, कोशी प्रदेशमा सुनसरीको इटहरी शाखा, मधेश प्रदेशमा सिरहाको गोलबजार शाखा, बाग्मती प्रदेशमा काठमाडौंको कान्तिपथ शाखा तथा चितवन नारायणगढ शाखा, गण्डकी प्रदेशमा कास्कीको पोखरा न्यूरोड शाखा, लुम्बिनी प्रदेशमा रूपन्देहीको बुटवल मिलनचोक शाखा तथा दाङको नेपालगंज शाखा, कर्णाली प्रदेशमा सुर्खेतको विरेन्द्रनगर सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशमा कैलालीको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

देशभर आयोजित कार्यक्रममा ९२७ रक्तदाताहरूबाट ४३९ लिटर रगत दान गरिएको छ । यसैगरि निशुल्क रूपमा ७८३ जनाको आँखा जाँच गरिनुका साथै १०४८ जनाको रक्तचाप तथा मधुमेहको परिक्षण एव्म परामर्श पनि प्रदान गरिएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरूमार्फत आम जनमानसलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ ।

## घलेगाउँका घरबास पर्यटकले खचाखच

**लमजुङ–** क्व्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँका घरबास (होमस्टे) यतिबेला नववर्ष २०२४ मनाउन आएका पर्यटकले भरिभराउ छन् ।

समुद्री सतहबाट दुई हजार एक सय मिटरको उचाइमा रहेको प्राकृतिक छटाले भरिपूर्ण घलेगाउँ पर्यटकले भरिएको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिका कार्यालय सचिव दीर्घराज घलेले बताए । उनले भने, 'विगतमा ४०-५० जना पर्यटक आगमन भइरहे पनि नयाँवर्ष मनाउन आउने पर्यटक यतिबेला बढेका छन् । अहिले दैनिक तीन-चार सयको हाराहारीमा पर्यटक आएका छन् । तीन सय जनाको क्षमता रहेको घलेगाउँ घरबास सबै पर्यटकले भरिएर अन्य घर र होटलमा सारिएको छ ।'

घरबास सञ्चालक हेमकुमारी गुरुङकाका अनुसार अहिले घलेगाउँका घरबास सञ्चालकलाई भ्याइनभ्याई छ । उनले पर्यटक आउने अहिलेको याममा प्रतिघरबासले रु ५० हजारभन्दा बढी आम्दानी गर्ने गरेका जानकारी दिइन् ।

विसं २०५७ देखि सञ्चालनमा भएको घरबास यहाँ बढेर अहिले ४२ घरबास पुगेको छ । पर्यटकको सत्कारसँगसँगै घरबासमा आफ्ना कला, वेशभूषा, संस्कार, संस्कृति जोगाइराख्न जुटेका उनीहरूको जातीय पहिचानसहित सांस्कृतिक नृत्यसमेत प्रस्तुत हुने गरेका छन् । विसं २०६२/६३ को जनआन्दोलनपछि देशमा गणतन्त्र स्थापना भएसँगै गठन भएको संयुक्त सरकारको परराष्ट्रमन्त्रीस्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटन गाउँका रूपमा घोषणा गरेको थियो ।

घलेगाउँबाट आठ हजार एक सय ६३ मिटरको मनास्लु हिमाल, सात हजार आठ सय ३५ को ङादीचुली (डा हर्क हिमाल), सात हजार नौ ३५ मिटर उचाइको अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल (चौथो)लगायत धेरै हिमालको दृश्यावलोकन गर्न सकिन्छ । *रासस*

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पति स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानीनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानीनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ